# विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा गठित उपसमितिको प्रतिवेदन

संघीय संसद

प्रतिनिधि सभा

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सचिवालय

# विद्यालय शिक्षा विधेयक, २०८० सम्बन्धी उपसमितिको प्रतिवेदन

## . विधेयकका सम्बन्धमा उपसमितिले गरेको परिमार्जन

१. प्रस्तावनामा रहेको “समता, एकरुपता र गुणस्तर” भन्ने शब्दहरुको सट्टा “पहुँच, समता, एकरुपता, व्यावसायिकता, प्रविधिमैत्री र गुणस्तर” भन्ने शब्दहरु राखी प्रस्तावनामै रहेका “व्यवस्थित गर्न” भन्ने शब्दहरुपछि “तथा राष्ट्रिय हित प्रवर्द्धन गर्न” भन्ने शब्दहरु थप्ने।

२. विधेयकको दफा १ को उपदफा (१) मा रहेका “२०८०” भन्ने अङ्कहरूको सट्टा “२०८२” भन्ने अङ्कहरू राख्ने।

३. दफा २ को,-

(१) खण्ड (क) को ठाउँ ठाउँमा रहेको “स्थापना वा कक्षा” भन्ने शब्दहरुपछि “स्थापना, कक्षा वा तह” भन्ने शब्दहरु थप्ने ।

(२) खण्ड (ग) मा रहेको “आमा” भन्ने शब्दपछि “,बाजे, बज्यै” भन्ने शब्दहरु थपी सोही उपखण्डमा रहेका “वा माथवर” भन्ने शब्दहरु झिक्ने ।

(३) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने:

“(घ) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनुपर्छ ।”

(४) खण्ड (च) मा रहेको “दफा १११” भन्ने शब्दहरुको सट्टा “दफा ११२” भन्ने शब्दहरु राख्ने।

(५) खण्ड (ठ) मा रहेको “विद्यालयको” भन्ने शब्दपछि “शैक्षिक,” भन्ने शब्द थप्ने”

(६) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राख्ने:

“(ड) प्रारम्भिक बालविकास तथा शिक्षा” भन्नाले कक्षा एकमा भर्ना हुनुभन्दा अगाडि बालबालिकालाई दिइने सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास शिक्षा सम्झनु पर्छ।“

(७) खण्ड (ढ) मा रहेको “दफा २८” भन्ने शब्दहरुको सट्टा “दफा ३०” भन्ने शब्दहरु राख्ने।

(८) खण्ड (द) मा रहेको “दफा १६०” भन्ने शब्दहरुको सट्टा “दफा १६९ ” भन्ने शब्दहरु राख्ने।

(९) खण्ड (न) मा रहेका “सम्झनु पर्छ“ भन्ने शब्दपछि “र सो शब्दले परम्परागत शिक्षा प्रदान गर्ने विद्यालयलाई समेत जनाउँछ” भन्ने शब्दहरु राख्ने ।

(१०) खण्ड (फ) मा रहेका “दफा ३९” भन्ने शब्दहरुको सट्टा “दफा ४१” भन्ने शब्दहरु राख्ने।

(११) खण्ड (म) मा रहेको “व्यक्तिले” भन्ने शब्दको सट्टा “व्यक्ति वा संस्थाले” भन्ने शब्दहरु राख्ने ।

(१२) खण्ड (र) मा रहेको “नगरपालिका” भन्ने शब्दपछि “,नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका” भन्ने शब्दहरु राख्ने ।

४. विधेयकको दफा ३ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपी उपदफाक्रम मिलाउने:-

“(३) उपदफा (१) बमोजिम स्थानीय तहले विद्यालय स्थापना र सञ्चालन गर्दा स्थानीय आवश्यकताको विश्लेषण र स्रोतको सुनिश्चितता गरी दफा १२ को उपदफा (१) को खण्ड (ङ) बमोजिम आवासीय विद्यालय समेत स्थापना र सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम विद्यालय स्थापना र सञ्चालन गर्दा नेपाल सरकारलाई कुनै किसिमको थप दायित्व नपर्ने गरी गर्नु पर्नेछ ।”

५. विधेयकको दफा ४ को उपदफा (७) पछि देहायको उपदफा (८) थपी उपदफाक्रम मिलाउने:-

“(८) यो ऐन प्रारम्भ हुनुभन्दा अघि विद्यालयको स्थापना र सञ्चालन गर्न अनुमति प्राप्त गरेको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखतसम्म सञ्चालनमा नआएका विद्यालयको अनुमति स्वतः खारेज हुनेछ ।“

६. विधेयकको दफा ५ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउने:-

"(२) उपदफा (१) बमोजिमको राष्ट्रिय मापदण्डमा देहायका विषयहरु समावेश हुनुपर्नेछः-

(क) विद्यालय सञ्चालनका लागि विद्यालयको नाममा वा भोगचलनको अधिकार भएको जग्गा जमिन,

(ख) बालमैत्री, वातावरणमैत्री र अपाङ्गतामैत्री विद्यालय भवन तथा पूर्वाधार,

(ग) स्वच्छ हावा, प्रकाश, उपयुक्त फर्निचर सहितको कक्षाकोठा,

(घ) छात्र, छात्रा र अपाङ्गतामैत्री अलग अलग शौचालय,

(ङ) सिकाइ केन्द्रित शिक्षण सामग्री तथा पुस्तकालय,

(च) विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याव,

(छ) कक्षागत र विषयगत शिक्षक,

(ज) प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श सेवा,

(झ) सुरक्षित खानेपानी, प्रार्थनास्थल, खेल मैदान तथा पूर्वाधार,

(ञ) तोकिए बमोजिमका अन्य विषय।"

(२) उपदफा (२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) पछि देहायको उपदफा (४) थप्ने:-

"(४) यो ऐन प्रारम्भ हुँदाका बखत तत्काल प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी सञ्चालनमा रहेका विद्यालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको राष्ट्रिय मापदण्ड पूरा नगरेको भएमा त्यस्तो विद्यालयले यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षभित्र राष्ट्रिय मापदण्ड पूरा गर्नुपर्नेछ।"

७. विधेयकको दफा ६ को,-

(१)उपदफा (१) को खण्ड (ग) अन्तमा रहेको पूर्णविराम "(।)" को सट्टा अल्पविराम "(,)" राखी त्यसपछि देहायको खण्ड (घ) थप्ने:-

"(घ) विद्यालय शिक्षालाई पहुँचयुक्त बनाउन तथा गुणस्तर सुधार गर्न जिल्लागत रुपमा आवासीय वा विशिष्टीकृत विद्यालयको स्थापना गरी वा कुनै

सार्वजनिक विद्यालयलाई त्यस्तो विद्यालयको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न, गराउन।"

(२) उपदफा (२) मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरु पछि "वा नेपाल सरकारबाट अनुदान प्राप्त गरी संचालनमा रहेका शहीद प्रतिष्ठान लगायत अन्य संस्थाबाट" भन्ने शब्दहरु राख्ने।

८. विधेयकको दफा ७ मा रहेको "प्राविधिक" भन्ने शब्दको सट्टा "प्राविधिक तथा व्यवसायिक" भन्ने शब्दहरु राख्ने र सोही दफाको स्पष्टीकरण खण्डमा रहेका "आश्रम तथा मदरसा" भन्ने शब्दहरुको सट्टा "आश्रम, मुन्धुम, रैथाने प्रकृतिका सीप र कला तथा मदरसा" भन्ने शब्दहरु राख्ने ।

९. विधेयकको दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने:

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा देहाय बमोजिम हुनेछः-

(क) नेपाली मौलिक कला, संस्कृति, सभ्यता, सामाजिक रहनसहन समेटिएका सामाजिक अध्ययनका विषयहरु नेपाली वा मातृभाषाको माध्यमबाट अध्यापन गराउने,

(ख) अपाङ्गता भएका बालबालिकाको लागि विशेष कक्षा सञ्चालन गर्दा ब्रेल लिपि वा सांकेतिक भाषामा अध्यापन गराउने,

(ग) कुनै विदेशीले नेपालको विद्यालयमा अध्ययन गर्दा राष्ट्रिय पाठ्यक्रममा आधारित अनिवार्य विषयहरु निर्धारित भाषामा अध्यापन गराउनुपर्ने।"

१०. विधेयकको दफा ९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने

"(१) यस ऐन बमोजिम शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम विद्यालय स्थापनाको अनुमतिको लागि निवेदन दिनु अगावै गुठी दर्ता गर्ने निकायमा दर्ता हुनु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "गुठीको विधानमा कम्तीमा देहायका विषय" भन्ने शब्दहरुको सट्टा "गुठीको संस्थापनापत्रमा गुठी दर्ता गर्दा प्रचलित कानूनमा

व्यवस्था भएका विषयको अतिरिक्त देहायका विषय समेत" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (क) मा रहेका "सञ्चालक समिति (बोर्ड अफ ट्रष्टी)" भन्ने शब्दहरु झिकिएका छन्।

११. विधेयकको दफा १० को,-

(१) उपदफा (१) मा रहेको "छोराछोरीलाई" भन्ने शब्दहरुको सट्टा "छोराछोरीलाई मात्र" भन्ने शब्द राखे ।

(२) उपदफा (२) झिकी उपदफाक्रम मिलाउने ।

(३) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेका "उपदफा (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२)" भन्ने शब्दहरु राखे ।

(४) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखे।

(५) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राखे ।

१२. विधेयकको दफा १२ को सट्टा देहायको दफा १२ राखेः-

"१२. **विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः** (१) स्थानीय तहले देहायको अवस्था विद्यमान भएमा आफ्नो क्षेत्रभित्रका सार्वजनिक विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने निर्णय गर्न सक्नेछः-

(क) भौगोलिक अवस्था र जनसङ्ख्याको अवस्थिति समेतको आधारमा तयार गरिएको विद्यालय नक्साङ्कन प्रतिवेदनमा विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने वा बन्द गर्न उपयुक्त हुने सिफारिस भएमा,

(ख) तह अनुसारको कक्षामा तोकिए बमोजिमको कक्षागत विद्यार्थी संख्या नभएमा,

(ग) दुई विद्यालय बीचको दुरी आधारभूत तहको हकमा दुई किलोमिटर वा तीस मिनेटको पैदलदूरी भन्दा कम भएमा र माध्यमिक विद्यालयको हकमा पाँच किलोमिटर वा एक घण्टाको पैदलदुरी भन्दा कम भएमा,

(घ) विद्यालय वा विद्यालयको कुनै कक्षा वा तह सञ्चालन गर्नको लागि तोकिए बमोजिमको न्यूनतम पूर्वाधार पूरा नभएमा,

(ङ) सार्वजनिक विद्यालयहरुलाई एक आपसमा गाभी ठूला विद्यालय वा आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न उपयुक्त हुने देखिएमा,

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "ठूला विद्यालय" भन्नाले दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत विद्यालय सम्झनुपर्छ ।

(च) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले विद्यालयको कार्य सम्पादन परीक्षण गर्दा विद्यालय गाभ्न, कक्षा वा तह घटाउन, समायोजन वा एकीकरण गर्न सिफारिस गरेमा।

(२) उपदफा (१) बमोजिम विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने निर्णय गर्दा विद्यालयमा अध्ययनरत विद्यार्थीको अध्ययनमा प्रतिकूल असर नपर्ने गरी र भौगोलिक विकटतालाई समेत विचार गरी निर्णय गर्नु पर्नेछ।

(३) तोकिएको अनुपातमा विद्यार्थी संख्या भए तापनि नजिक रहेका दुई विद्यालयमध्ये कुनै एकमा आधारभूत तह र अर्कोमा माध्यमिक तह मात्र सञ्चालन गर्ने गरी प्रबन्ध गर्न सकिनेछ ।

(४) विद्यालयको नामकरण वा नाम परिवर्तन गर्दा नेपालको प्राकृतिक, सांस्कृतिक स्थान, व्यक्ति वा स्मारकको नाम झल्कने गरी राख्नु पर्नेछ।

तर ऐतिहासिक व्यक्ति, स्मारक तथा राष्ट्रिय प्राकृतिक सम्पदाको नाममा नामकरण भएका विद्यालयको नाम परिवर्तन गरिनेछैन।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका कुनै विद्यालयको विदेशी व्यक्ति, संस्था, स्थान वा विदेशीपन झल्कने गरी नामकरण गरिएको भएमा यो ऐन

प्रारम्भ भएको मितिले तीन वर्षभित्र नेपालीपन झल्कने गरी विद्यालयको नाम परिवर्तन गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने सम्बन्धी अन्य व्यवस्था यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

१३. विधेयकको दफा १४ को,-

(१) उपदफा (५) मा रहेको "व्यक्तिको" भन्ने शब्दको सट्टा "व्यक्ति, संस्था वा निकायको" भन्ने शब्दहरु राखे ।

(२) उपदफा (७) पछि देहायका उपदफा (८) र (९) थप्नेः

"(८) प्रत्येक सार्वजनिक विद्यालयले चल अचल सम्पत्तिको तोकिए बमोजिमको ढाँचामा एकीकृत र अद्यावधिक अभिलेख राख्नुपर्नेछ ।

(९) मन्त्रालयले सार्वजनिक विद्यालयको अचल सम्पत्तिको एकीकृत अभिलेख राख्ने प्रयोजनको लागि विद्युतीय अभिलेख प्रणालीको विकास गर्नेछ र त्यस्तो प्रणालीमा सार्वजनिक विद्यालयले उपदफा (८) बमोजिमको सम्पत्तिको विवरण प्रविष्ट गरी अद्यावधिक गर्नुपर्नेछ ।"

१४. विधेयकको दफा १५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखेः

"(२) निजी लगानीका विद्यालयले विद्यालयको स्तर तथा शुल्क निर्धारण सम्बन्धी राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र शुल्क लिन सक्नेछ ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थप गर्नेः-

"(३) उपदफा (२) बमोजिम निजी लगानीका विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अघि विद्यालयले लिने शुल्क सार्वजनिक गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम शुल्क सार्वजनिक नगर्ने विद्यालयलाई सम्बन्धित स्थानीय तहले सात दिनभित्र सार्वजनिक गर्न निर्देशन दिनेछ ।

(५) सम्बन्धित स्थानीय तहले शुल्क निर्धारण सम्बन्धी राष्ट्रिय मापदण्डको कार्यान्वयनको अवस्थाको अनुगमन गर्नेछ।"

**१५. विधेयकको दफा १६ को सट्टा देहायको दफा १६ राखेः**

"१६. **प्रधानाध्यापकः** (१) प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रधानाध्यापकको नियुक्तिको लागि आयोगले प्रत्येक शैक्षिक सत्रमा माग हुन आउने प्रधानाध्यापकको संख्याको आधारमा यस ऐन बमोजिम योग्यता भएका र आवधिक बढुवाका लागि योग्यता पुगेका आधारभूत तह र माध्यमिक तहमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट शैक्षिक र प्रशासकीय जिम्मेवारी लिन योग्य व्यक्तिको प्रतिस्पर्धाका आधारमा छनौट गरी आधारभूत विद्यालयको हकमा जिल्लागत र माध्यमिक विद्यालयको हकमा प्रदेशगत सूची तयार गर्नेछ ।

(३) सार्वजनिक विद्यालयमा प्रधानाध्यापक रिक्त भएमा उपदफा (२) बमोजिमको सूचीमध्येबाट विद्यालयमा अध्यापन गराउनुपर्ने विषय मिल्दो स्थायी शिक्षकलाई सिफारिस गर्न स्थानीय तहको शिक्षा शाखा प्रमुखको संयोजकत्वमा स्थानीय तहको प्रमुखले तोकेको एकजना शिक्षाविद् र सम्बन्धित विद्यालय व्यवस्थापन समितिले तोकेको समितिको सदस्य रहेको सिफारिस समिति रहनेछ।

(४) उपदफा (३) बमोजिमको समितिले सिफारिस गरेको स्थायी शिक्षकलाई सम्बन्धित स्थानीय तहले प्रधानाध्यापक पदमा नियुक्ति गरी काममा लगाउनेछ।

तर सिफारिस भएको शिक्षक विद्यालय रहेको स्थानीय तहभन्दा वाहिरको विद्यालयमा कार्यरत भएमा दफा ६२ बमोजिम सरुवा हुने विद्यालयको रिक्त दरवन्दीमा सरूवा भई पदस्थापना भएपछि मात्र प्रधानाध्यापक नियुक्ति गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित स्थानीय तहले प्रधानाध्यापकलाई काममा लगाउनुभन्दा अघि निजसँग शैक्षिक गुणस्तर सुधार कार्ययोजना पेश गर्न लगाई कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम नियुक्त प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निजको कार्यसम्पादन सन्तोषजक भएमा अर्को एक कार्यकालको लागि पुनः नियुक्ति गर्न सकिनेछ ।

(७) उपदफा (६) बमोजिम प्रधानाध्यापकको पदावधि समाप्त भएपछि निज सोही विद्यालयको शिक्षक पदमा स्वतः कायम हुनेछ ।

(८) यो ऐन प्रारम्भ हुँदाका बखत सम्बन्धित स्थानीय तहले कार्यसम्पादन सम्झौता गरी नियुक्त भएका प्रधानाध्यापक त्यस्तो सम्झौताको अवधि कायम रहेसम्म प्रधानाध्यापकको रुपमा कामकाज गर्न यस दफाले बाधा पुऱ्याएको मानिनेछैन।

(९) उपदफा (६) बमोजिम प्रधानाध्यापक पुनः नियुक्ति हुन नसकेमा वा विद्यालयमा दरवन्दी रिक्त नभएको कारणले वा अन्य कुनै कारणले प्रधानाध्यापकको नियुक्ति हुन नसकेको वा नियुक्ति भएको प्रधानाध्यापक विद्यालयमा अनुपस्थित रहेको अवस्थामा विद्यालयमा भएका सबैभन्दा वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई दैनिक कामकाज गर्नेछ।

(१०) उपदफा (९) वमोजिम प्रधानाध्यापक रिक्त भएमा बढीमा छ महिनाभित्र यस ऐन बमोजिमको प्रकृया पूरा गरी प्रधानाध्यापक नियुक्ति गर्नुपर्नेछ।

(११) यस दफा बमोजिम कार्यसम्पादन सम्झौता गरेका प्रधानाध्यापकले त्यस्तो सम्झौता बमोजिम काम नगरेमा वा खराव आचरण भएको पाइएमा स्थानीय तहले एक छानविन समिति गठन गर्न सक्नेछ र उक्त समितिले दिएको प्रतिवेदनको आधारमा निजलाई प्रधानाध्यापकको जिम्मेवारीवाट हटाउन सकिनेछ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विद्यार्थी संख्या, विद्यालयको तह र अन्य आवश्यकता हेरी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह आफैंले दायित्व वहन गर्ने गरी कुनै विद्यालयको लागि प्रधानाध्यापकको छुट्टै दरवन्दी सिर्जना गरेमा त्यस्तो दरबन्दीमा आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ।

(१३) प्रधानाध्यापक छनौट, नियुक्ति तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१६. **विधेयकको दफा १६ पछि देहायको दफा १७ थपी दफाक्रम मिलाउने:**

"१७. <u>प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय पाठ्यक्रम प्रारुप र विद्यालयको स्वीकृत शैक्षिक क्यालेण्डरको आधारमा विद्यार्थी भर्ना, पठन पाठन, परीक्षा र नतिजा प्रकाशन सम्बन्धी काम गर्ने, गराउने,

(ख) विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरी सोको कार्यान्वयन गर्ने, गराउने,

(ग) शैक्षिक तथ्याङ्क नियमित रूपमा भर्ने, भराउने,

(घ) शिक्षकको कक्षा निरीक्षण गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्ने,

(ङ) शिक्षण सिकाई क्रियाकलापलाई बालमैत्री बनाउने,

(च) विद्यार्थीको निरन्तर मूल्याङ्कन गरी सिकाइ उपलब्धीको विवरण राख्ने व्यवस्था मिलाउने,

(छ) विद्यार्थीको कक्षागत र विषयगत सिकाइ उपलब्धीको विश्लेषण गरी सो को प्रतिवेदन स्थानीय तहमा पेश गर्ने,

(ज) शिक्षक तथा विद्यार्थीको आचार संहिता बनाई लागू गर्ने,

(झ) विद्यालयको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) विद्यालयको बेरूजु फस्यौंट सम्बन्धी कार्य गर्ने,

(ट) गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ठ) विद्यालयका चल अचल सम्पति, शिक्षक विद्यार्थी लगायतका अभिलेख सुरक्षित रूपमा राख्ने र राख्न लगाउने,

(ड) तोकिए बमोजिमका अन्य कार्यहरू ।"

१७. विधेयकको दफा १७ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने:-

"(१) सार्वजनिक विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि प्रत्येक सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावकले आफूमध्येबाट छानेको व्यक्तिको संयोजकत्वमा सम्बन्धित स्थानीय तहमा स्थायी रुपमा वसोवास गरेको बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी वा चन्दादाता र सम्बन्धित वडा समितिले तोकेको एक जना वडा सदस्य समेत रहने गरी कम्तीमा दुई जना महिला सहित समावेशी सिद्धान्तको आधारमा आधारभूत तहको विद्यालयमा बढीमा सात जना र माध्यमिक विद्यालयमा बढीमा एघार जना रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउने:

"(३) सार्वजनिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(क) विद्यालय सञ्चालनको लागि आवश्यक स्रोत साधनको प्रबन्ध गर्ने,

(ख) विद्यालयको शिक्षण सिकाई तथा शैक्षिक उपलब्धि हासिल गर्न आवश्यक योजना, बजेट र कार्यक्रम तर्जुमा गर्ने,

(ग) विद्यालयमा सामुदायिक सहभागिता अभिवृद्धि गरी स्वच्छ शैक्षिक वातावरण कायम गर्ने,

(घ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक क्षेत्रको सुधारको लागि अनुगमन गरी प्रधानाध्यापकलाई मार्गदर्शन गर्ने,

(ङ) शिक्षक, विद्यार्थी, अभिभावक, अन्य विद्यालय र स्थानीय तहसँग समन्वय गर्ने,

(च) विद्यालय सुधार योजना स्वीकृत गर्ने,

(छ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अभिलेख व्यवस्थित र पारदर्शी रुपमा अद्यावधिक गर्न लगाउने,

(ज) विद्यालयको सामाजिक परीक्षण गराउने ।

(३) उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-

"(४) सार्वजनिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन, जिम्मेवारी तथा अन्य व्यवस्था स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।"

१८. विधेयकको दफा १८ दफाक्रम मिलाउँदा कायम हुने दफा १९ को दफा शीर्षकपछि रहेको कोष्ठभित्रको "(१)" अंक झिकी सोही दफाको "उपदफा (२)" झिक्ने ।

१९. विधेयकको दफा २० दफाक्रम मिलाउँदा कायम हुने दफा २१ को,

(१) उपदफा (१) मा रहेका "अधीनमा रही" भन्ने शब्दहरु पछि "बालबालिकामा सिकाईप्रति उत्सुकता र सकारात्मक सोचको विकास गर्न" भन्ने शब्दहरु थप्ने।

(२) उपदफा (२) मा रहेका "एक भन्दा बढी नहुने गरी" भन्ने शब्दहरुको सट्टामा "कम्तीमा एउटा रहने गरी" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३), (४), (५) र (६) थपी उपदफाक्रम मिलाउनेः-

"(३) नेपाल सरकारले तोकेको मितिदेखि लागू हुनेगरी सार्वजनिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षालाई दुई वर्षे कार्यक्रमको रुपमा सञ्चालन गर्न सकिनेछ।

(४) कुनै पनि विद्यालयले पूर्व प्राथमिक शिक्षालाई दुई वर्षभन्दा बढी अवधि हुनेगरी सञ्चालन गर्न पाउने छैन ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "पूर्व प्राथमिक शिक्षा" भन्नाले आधारभूत तहको कक्षा एकमा भर्ना हुनुअघि दिइने शिक्षा सम्झनुपर्छ ।

(५) यो ऐन प्रारम्भ भएपछि बाल सहजकर्ताको रुपमा नियुक्ति हुन कम्तीमा कक्षा बाह्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

(६) यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने बाल सहजकर्ताले सेवा प्रारम्भ गर्नुअघि स्थानीय कानूनमा व्यवस्था भए बमोजिम सेवा प्रवेश तालिम लिनु पर्नेछ।"

(४) उपदफा (३) र (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) र (८) मा रहेका "सहयोगी कार्यकर्ताको" भन्ने शब्दहरुको सट्टा "बाल सहजकर्ताको" भन्ने शब्दहरु राख्ने ।

(५) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) पछि देहायको उपदफा (९) थप्ने:-

"(९) यो ऐन र प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिए तापनि प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव नभएका बालबालिकालाई कक्षा एकमा भर्ना लिनबाट बञ्चित गर्न पाइनेछैन।"

२०. विधेयकको दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को सट्टा देहायको दफा २२ राख्ने:-

"२२. **<u>शिक्षा तथा मानवस्रोत विकास केन्द्र:</u>** (१) विद्यालय शिक्षाको राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्न, प्रदेशको शिक्षा हेर्ने निकाय तथा स्थानीय तहसँग विद्यालय शिक्षाको सम्बन्धमा समन्वय तथा अन्य आवश्यक कार्य गर्न मन्त्रालय अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र रहनेछ।"

(२) शिक्षा तथा मानवस्रोत विकास केन्द्रको प्रमुख महानिर्देशक रहनेछ।"

२१. विधेयकको दफा २२ दफाक्रम मिलाउँदा कायम हुने दफा २३ को सट्टा देहायको दफा २३ राख्ने:-

"२३. **<u>शिक्षा तथा मानवस्रोत विकास केन्द्रको काम, कर्तव्य र अधिकार:</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त शिक्षा तथा मानवस्रोत विकास केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्ने गराउने,

(ख) विद्यालय शिक्षाको एकीकृत शैक्षिक तथ्याङ्कको संकलन र व्यवस्थापन गर्ने,

(ग) शिक्षक तथा शिक्षा सेवाका कर्मचारीको तालीम तथा पेशागत विकासका लागि प्रदेश सरकारको शिक्षक प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गरी पाठ्यक्रम निर्माण लगायतका कार्य गर्ने,

(घ) विद्यालय शिक्षा सम्बन्धी प्रदेश र स्थानीय तहबाट निर्माण हुने योजनामा सहजीकरण गर्ने,

(ङ) सशर्त अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट सञ्चालित वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा र कार्यान्वयनको एकीकृत प्रतिवेदन तयार गर्ने,

(च) विद्यालय शिक्षाका सम्वन्धमा प्रदेशको शिक्षा हेर्ने निकाय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

२२. विधेयकको दफा २३ दफाक्रम मिलाउँदा कायम हुने दफा २४ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (क) पछि देहायको खण्ड (ख) थपी खण्डक्रम मिलाउनेः-

"(ख) शिक्षा हेर्ने राष्ट्रिय योजना आयोगको सदस्य - सदस्य"

(ख) खण्ड (ग) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखी खण्डक्रम मिलाउनेः-

"(घ) अध्यक्ष, बोर्ड - सदस्य"

(ग) खण्ड (घ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ङ) मा रहेका "शिक्षा विभाग" भन्ने शब्दहरुको सट्टा "शिक्षा तथा मानवस्रोत विकास केन्द्र" भन्ने शब्दहरु राख्ने।

(घ) खण्ड (ङ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (च) मा रहेको "केन्द्र" भन्ने शब्दको सट्टा "प्राधिकरण" भन्ने शब्द राख्ने।

(ङ) खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (छ) झिक्ने ।

(च) खण्ड (ज) मा रहेका "शिक्षा शास्त्र संकायका" भन्ने शब्दहरु झिक्ने।

(छ) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नेः-

"(ञ) पाठ्यक्रम विज्ञहरुमध्येबाट शिक्षाका विभिन्न धार र विषयको प्रतिनिधित्व हुनेगरी दुई जना महिला सहित समावेशी सिद्धान्तको आधारमा मन्त्रालयले मनोनीत गरेका पाँच जना - सदस्य"

(२) उपदफा (४) मा रहेका "पदीय जिम्मेवारी पूरा नगरेमा" भन्ने शब्दहरु पछि "वा कार्यसम्पादन सन्तोषजनक नदेखिएमा" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (६) पछि देहायको उपदफा (७) राखी उपदफाक्रम मिलाउनेः

"(७) अध्यक्षले पाठ्यक्रमको सान्दर्भिकता, गुणस्तर तथा परीक्षा प्रणालीलाई व्यवस्थित गर्न राष्ट्रिय पाठ्यक्रम परिषद् र बोर्डको संयुक्त बैठक बोलाउन सक्नेछ।"

२३. दफा २४ दफाक्रम मिलाउँदा कायम हुने दफा २५ सट्टा देहायको दफा २५ राख्नेः

"२५. <u>**राष्ट्रिय पाठ्यक्रम परिषद्को काम, कर्तव्य र अधिकारः**</u> (१) राष्ट्रिय पाठ्यक्रम परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय तहमा अध्यापन हुने कक्षागत तथा प्राविधिक विषयसँग सम्बन्धित सक्षमता पहिचान गर्ने,

(ख) विद्यालयमा लागू गरिने राष्ट्रिय पाठ्यक्रम प्रारुप, पाठ्यक्रम तथा पाठ्यसामग्री स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने,

(ग) पाठ्यपुस्तक तथा पाठ्यसामग्री लेखनको लागि लेखक तथा विज्ञ छनोट सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(घ) पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माणको लागि विषयगत समिति वा उपसमिति गठन गर्ने र त्यस्ता समिति वा उपसमितिहरुको काम कारवाहीको अनुगमन गर्ने, गराउने,

(ङ) विद्यार्थीको उमेर, सिकाइ क्षमता, रूची र शैक्षिक सत्रमा पठनपाठन हुने समय (क्रेडिट आवर) लाई समेत विचार गरी तहगत, विषयगत, कक्षागत दृष्टिकोणले सामञ्जस्यता र सन्तुलन कायम हुनेगरी पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विकास गर्ने, गराउने,

(च) सूचना प्रविधि, विपद् व्यवस्थापन, कृषि, पर्यटन, खेलकूद, सङ्गीत, योग शिक्षा तथा परिवर्तित सन्दर्भ समेतका आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण तथा सुधार गर्ने,

(छ) व्यावसायिक, व्यावहारिक, जीवन उपयोगी, सदाचार, नैतिक तथा सामाजिक मूल्य मान्यतामा आधारित र सिपमूलक विषयवस्तु पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा समावेश हुने व्यवस्था मिलाउने,

(ज) स्थानीय पाठ्यक्रम विकास गर्दा परम्परागत तथा रैथाने सीपलाई समेत प्राथमिकता दिई समावेश गर्ने व्यवस्था मिलाउने,

(झ) पाठ्यक्रमको विकास तथा त्यसको गुणस्तरको सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले पेश गरेको विद्यालयको कार्यसम्पादन स्तरको प्रतिवेदन र सिकाइ उपलब्धी परीक्षण प्रतिवेदन समेतका आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सामान्यतया प्रत्येक पाँच वर्षमा पुनरावलोकन र दश वर्षमा पुनर्लेखन गरिनेछ।"

२४. दफा २६ दफाक्रम मिलाउँदा कायम हुने दफा २७ को सट्टा देहायको दफा २७ राखेः-

२७. **शैक्षिक गुणस्तर परीक्षण प्राधिकरण**: (१) विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक निर्धारण, मापदण्डको विकास, विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धी परीक्षण तथा विद्यालय शिक्षासँग सम्बन्धित निकाय र विद्यालयको कार्यसम्पादन परीक्षण गर्न एक शैक्षिक गुणस्तर परीक्षण प्राधिकरण रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्राधिकरणमा नेपाल सरकारले नियुक्त गरेको एक जना प्रमुख शिक्षा परीक्षक रहनेछ ।

"(३) उपदफा (२) बमोजिम प्रमुख शिक्षा परीक्षकको नियुक्तिको लागि उपयुक्त व्यक्ति सिफारिस गर्न नेपाल सरकारले लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा लोक सेवा आयोगले तोकेको एक जना सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ र सो समितिले उपदफा (५) बमोजिमको योग्यता पुगेका व्यक्तिमध्येबाट प्रमुख शिक्षा परीक्षकको लागि उपयुक्त व्यक्तिको सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनको लागि सिफारिस समितिले आवेदन पेश गर्न कम्तीमा सात दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(५) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नगारिक,

(ख) पैतिस वर्ष उमेर पुरा भएको र साठी वर्ष ननाघेको,

(ग) प्रमुख शिक्षा परीक्षकको नियुक्तिको लागि मान्यताप्राप्त विश्वविद्यालयबाट विद्यावारिधीको उपाधि प्राप्त गरेको र परीक्षा तथा मूल्याङ्कनको क्षेत्रमा कम्तीमा दश वर्षको प्राध्यापन वा कार्य अनुभव भएको,

(घ) सार्वजनिक पदमा नियुक्तिका लागि प्रचलित कानून बमोजिम अयोग्य नरहेको,

(ङ) स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा सोको लागि आवेदन नगरेको ।

(६) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको छनोट सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

(७) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको पदावधि चार वर्षको हुनेछ।

(८) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको पारिश्रमिक शर्त र सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(१०) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणमा आवश्यक कर्मचारी मन्त्रालयले खटाउनेछ।

२५. विधेयकको दफा २६ दफाक्रम मिलाउँदा कायम हुने दफा २७ पछि देहायको दफा २८ थपी दफाक्रम मिलाउने:-

"२८. <u>शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको काम, कर्तव्य, अधिकार:</u> (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ:

(क) शैक्षिक गुणस्तर परीक्षणको मानक तथा मापदण्ड स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ख) विद्यालय शिक्षाको पाठ्यक्रमको संरचना र त्यसका अपेक्षित सक्षमतालाई आधार मानी आवधिक रूपमा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धी परीक्षण गर्ने,

(ग) विद्यालय तथा अन्य शैक्षिक संस्थाको कार्यसम्पादन परीक्षण गर्ने,

(घ) पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा समावेश भएका विषयवस्तु व्यावसायिक, व्यावहारिक, जीवन उपयोगी, नैतिक मूल्य मान्यतामा आधारित र सिपमूलक भए नभएको परीक्षण गर्ने, गराउने

(ङ) विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(च) विद्यालय शिक्षाको गुणस्तर परीक्षणका लागि प्रचलित कानूनको अधीनमा रही विज्ञको सेवा लिन सक्ने,

(छ) प्राधिकरणले सम्पादन गरेका मुख्य मुख्य कार्य समेटी तयार गरिएको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।

(२) मन्त्रालयले विद्यालय शिक्षाको गुणस्तर सुधार सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गर्दा शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले दिएको उपदफा (१) को खण्ड (च) बमोजिमको वार्षिक प्रतिवेदन समेतलाई आधार मान्नु पर्नेछ।"

२६. विधेयकको दफा २७ दफाक्रम मिलाउँदा कायम हुने दफा २९ को उपदफा (२) मा रहेका "मूल विषयको प्रश्नपत्र सम्बन्धित शिक्षा कार्यालयले र ऐच्छिक विषयको" भन्ने शब्दहरु झिक्ने ।

२७. विधेयकको दफा २८ दफाक्रम मिलाउँदा कायम हुने दफा ३० को सट्टा देहायको दफा ३० राख्नेः-

"**३०.** **<u>बोर्डको गठन:</u>** (१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र प्रमाणीकरण गर्न तथा परीक्षाको विषयमा राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण र गुणस्तर व्यवस्थापनको विषयमा परामर्श दिनका लागि राष्ट्रिय परीक्षा बोर्ड रहनेछ।

(२) उपदफा (१) बमोजिमको बोर्डको गठन देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति - अध्यक्ष

(ख) सहसचिव (विद्यालय शिक्षा हेर्ने), मन्त्रालय - सदस्य

(ग) महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र - सदस्य

(घ) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र - सदस्य

(ङ) प्रशासकीय प्रमुख, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् - सदस्य

(च) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय - सदस्य

(छ) माध्यामिक तहको विशिष्ठ श्रेणीको अनुभव भएको वा प्राध्यापन क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको वा परीक्षा र मूल्याङ्कन सम्बन्धी कार्यमा विशेषज्ञता हासिल गरेको व्यक्ति मध्येबाट विषयगत प्रतिनिधित्व

हुनेगरी समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनीत गरेका कम्तीमा दुई जना महिला सहित

छ जना - सदस्य

(ज) नेपाल शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा बोर्डको वरिष्ठतम् अधिकृतमध्येबाट मन्त्रालयले तोकेको अधिकृत - सदस्य सचिव

(३) बोर्डको अध्यक्षको नियुक्तिको लागि लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्यको संयोजकत्वमा मन्त्रालयको सचिव र परीक्षा तथा मूल्याङ्कन सम्बन्धी विशेषज्ञता हासिल गरेका व्यक्तिमध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना महिला सहितको तीन सदस्यीय सिफारिस समिति गठन हुनेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले उपदफा (५) बमोजिमको योग्यता भएका व्यक्तिमध्येबाट उपयुक्त व्यक्ति बोर्डको अध्यक्षको पदको लागि सिफारिस गर्नेछ । त्यसरी सिफारिस भई आएका व्यक्तिलाई नेपाल सरकारले बोर्डको अध्यक्षमा नियुक्ति गर्नेछ।

(५) अध्यक्ष पदमा नियुक्तिका लागि देहायको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको ,

(ग) शिक्षा प्रशासन वा परीक्षा तथा मूल्याङ्कन सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(घ) पैंतिस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ङ) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(च) स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा त्यस्तो अनुमति प्राप्त गर्न आवेदन नगरेको,

(६) उपदफा (३) बमोजिमको सिफारिस समितिले उम्मेदवार छनौट गर्दा अवलम्बन गर्ने कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) बोर्डको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा अर्को एक कार्यकालको लागि पुनः नियुक्ति वा मनोनयन हुन सक्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा वा परीक्षाको मर्यादा विपरित कार्य गरेमा अध्यक्षको हकमा नेपाल सरकारले र मनोनीत सदस्यको हकमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(९) बोर्डको अध्यक्ष निलम्वनमा परेमा वा कुनै कारणले निजको पद रिक्त भएमा सो अवधिमा मन्त्रालयको सचिवले बोर्डको कार्यवाहक अध्यक्षको रुपमा कार्य गर्नेछ र निजले यस ऐन बमोजिम अध्यक्षलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ।

(१०) उपदफा (७) बमोजिमको पदावधि समाप्त भएमा वा अन्य कुनै कारणले अध्यक्षको पद रिक्त भएमा तीन महिनाभित्र यस ऐन बमोजिमको प्रकृया पूरा गरी अध्यक्ष नियुक्ति गर्नुपर्नेछ।

(११) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको बोर्डको अध्यक्ष र सदस्य यसै ऐन बमोजिम नियुक्ति भएको मानिनेछ र निज नियुक्ति हुँदाका बखत तोकेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछ।

(१२) बोर्डको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२८. विधेयकको दफा ३० दफाक्रम मिलाउँदा कायम हुने दफा ३२ को,-

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखेः-

"(ङ) परीक्षाको लागि चाहिने नमूना प्रश्नपत्र निर्माण, प्रमाणीकरण मापदण्ड तयार गर्ने, परीक्षा साधन (टेष्ट आईटम) निर्माण र स्तरीकरण गर्ने।"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च), (छ) र (ज) थपी खण्डक्रम मिलाउनेः-

(च) अपाङ्गता भएका विद्यार्थीका लागि अपाङ्गताको प्रकृति अनुसार विशेष किसिमको परीक्षा प्रणालीको अवलम्बन गर्ने,

(छ) काबु बाहिरको परिस्थिति परी परीक्षाबाट बञ्चित हुने अवस्थामा रहेको विद्यार्थीको लागि उपयुक्त व्यवस्था मिलाउने,

(ज) परीक्षा प्रणालीलाई व्यवस्थित र मर्यादित बनाउन क्यालेण्डर प्रणाली लागू गर्ने,

२९. विधेयकको दफा ३२ दफाक्रम मिलाउँदा कायम हुने दफा ३४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः

"(२) बोर्डको सदस्य सचिव प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजले परीक्षा नियन्त्रकको समेत काम गर्नेछ ।"

३०. विधेयकको दफा ३४ दफाक्रम मिलाउँदा कायम हुने दफा ३६ को उपदफा (२) को,-

(१) खण्ड (ख) मा रहेको "रजिष्ट्रेशन" भन्ने शब्दको सट्टा "प्रमाणपत्र दस्तुर" भन्ने शब्द राख्ने ।

(२) खण्ड (घ) मा रहेका "व्यक्ति वा" भन्ने शब्दहरुको सट्टा "संघ" भन्ने शब्द राख्ने।

३१. विधेयकको दफा ३५ दफाक्रम मिलाउँदा कायम हुने दफा ३७ को,-

(१) खण्ड (क) मा रहेको "नतिजा" भन्ने शब्दपछि ", समकक्षता" भन्ने शब्द थप्ने।

(२) खण्ड (ख) को अन्तमा रहेको पूर्णविरामको "( । )" सट्टा अल्पविराम "(,)" चिन्ह राखी देहायको खण्ड (ग) थप्नेः

"(ग) खण्ड (क) र (ख) बमोजिमका विवरण विद्युतीय प्रणालीमा समेत राख्नुपर्ने।"

३२. विधेयकको दफा ३८ दफाक्रम मिलाउँदा कायम हुने दफा ४० को सट्टा देहायको दफा ४० राख्नेः-

"४०. <u>वार्षिक प्रतिवेदन पेस गर्नेः</u> (१) बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरण संलग्न गर्नुपर्नेछः

(क) सिकाई उपलब्धीको अवस्था खुल्नेगरी राष्ट्रिय, प्रादेशिक, स्थानीय तहमा विषयगत नतिजाको अवस्था र पछिल्लो तीन वर्षको तुलनात्मक विवरण,

(ख) माध्यामिक तहको अन्तिम परीक्षामा संलग्न परीक्षार्थी र उत्तीर्ण परीक्षार्थीको विवरण,

(ग) परीक्षाको मर्यादा विपरीत भएको कारवाहीको विवरण,

(घ) बोर्डले वर्षभरी गरेका मुख्य मुख्य कार्यको विवरण ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले संघीय संसदको दुवै सदनको शिक्षा हेर्ने समितिमा पेश गर्नुपर्नेछ ।

३३. विधेयकको दफा ३९ दफाक्रम मिलाउँदा कायम हुने दफा ४१ को,-

(१) उपदफा (३) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखेः

"(क) कक्षा तीनसम्म अध्यापन गर्ने कक्षागत शिक्षकलाई कक्षागत, र"

(ख)खण्ड (ख) मा रहेका "कक्षा ६" भन्ने शब्द र अंकहरुको सट्टा "कक्षा चार" भन्ने शब्दहरु राखे ।

(२) उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थप गर्नेः-

"(४) यो ऐन प्रारम्भ हुँदाका बखत प्राथमिक शिक्षकको रुपमा कार्यरत शिक्षकले कक्षा पाँचसम्म अध्यापन गर्न बाधा पर्नेछैन ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कक्षागत शिक्षकले कक्षागत विद्यार्थी संख्याको आधारमा बहुकक्षा शिक्षण गर्नुपर्नेछ ।"

(६) यो ऐन प्रारम्भ हुँदाका बखत प्राथमिक शिक्षकको रुपमा कार्यरत शिक्षकलाई तोकिए बमोजिमको प्रकृया अपनाई मन्त्रालयले कक्षागत वा विषयगत शिक्षकको रुपमा रुपान्तरण गर्नेछ ।"

३४. विधेयकको दफा ४० दफाक्रम मिलाउँदा कायम हुने दफा ४२ को,-

(१) उपदफा (१) मा रहेको "साधारण" भन्ने शब्दको सट्टा "कक्षागत" भन्ने शब्द राखे ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थप्नेः-

"(३) दफा ६९ को उपदफा (३) बमोजिम माध्यामिक तहतर्फ कायम भएको विशिष्ट श्रेणीको पदको हकमा सोही दफा बमोजिम विशेष बढुवाबाट पूर्ति हुनेछ ।"

३५. विधेयकको दफा ४३ दफाक्रम मिलाउँदा कायम हुने दफा ४५ को,-

(१) दफा शीर्षकको शुरुमा "शिक्षक र" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक र शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, शिक्षक विद्यार्थी अनुपातको राष्ट्रिय औसत, विषयगत तथा कक्षागत आवश्यकता, भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्नेछ।"

(३) उपदफा (२) मा रहेको "गर्नेछ" भन्ने शब्दपछि "र सम्बन्धित स्थानीय तहले त्यस्तो विवरण पन्ध्र दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।" भन्ने वाक्यांश राख्ने।

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

"(३) उपदफा (२) को अतिरिक्त स्थानीय तहलाई विद्यालयको नक्साङ्कन गरी सोही आधारमा विद्यालयलाई एकापसमा गाभ्न, तह वा कक्षा घटाउन वा समायोजन गर्न मन्त्रालयले लेखी पठाउनेछ। स्थानीय तहले त्यसरी लेखी आएको तीन महिनाभित्र नक्साङ्कनको काम सम्पन्न गरी सोको प्रतिवेदन सहितको विवरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।"

(५) उपदफा (४) पछि देहायको उपदफा (५) थपी उपदफाक्रम मिलाउनेः-

"(५) उपदफा (१) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका शिक्षकलाई स्थानीय तहले विद्यालयमा पदस्थापना गर्नेछ ।"

३६. विधेयकको दफा ४४ दफाक्रम मिलाउँदा कायम हुने दफा ४६ को सट्टा देहायको दफा ४६ राख्नेः-

"४६. **<u>विद्यालय शिक्षकको पदपूर्ति</u>**: (१) विद्यालय शिक्षक सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

(क) आधारभूत तहः कक्षागत तथा विषयगत शिक्षक

| श्रेणी | खुला प्रतियोगिताद्वारा | बढुवाद्वारा | |
|---|---|---|---|
| | | आन्तरिक प्रतियोगिता | आवधिक |
| तृतीय | १०० प्रतिशत | - | - |
| द्वितीय | - | २० प्रतिशत | ८० प्रतिशत |
| प्रथम | - | १० प्रतिशत | ९० प्रतिशत |

(ख) माध्यमिक तहः विषयगत शिक्षक

| श्रेणी | खुला प्रतियोगिताद्वारा | बढुवाद्वारा | |
|---|---|---|---|
| | | आन्तरिक प्रतियोगिता | आवधिक |
| तृतीय | ८० प्रतिशत | २० प्रतिशत | - |
| द्वितीय | - | २० प्रतिशत | ८० प्रतिशत |
| प्रथम | - | १० प्रतिशत | ९० प्रतिशत |

(२) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) को खण्ड (क) र खण्ड (ख) बमोजिमको पदमा पदपूर्ति गर्ने प्रयोजनको लागि विद्यालयमा कायम रहेको दरबन्दीलाई तृतीय, द्वितीय र प्रथम श्रेणीको श्रेणीगत अनुपात १८:६:१ (अठारःछःएक) को आधारमा दरबन्दी कायम गरिनेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत द्वितीय र प्रथम श्रेणीमा सो अनुपात भन्दा बढी शिक्षक कार्यरत रहेको भएमा निजहरुको सेवा अवधि बाँकी रहेसम्म सो पदमा रहन यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि

उपदफा (४) बमोजिमको शिक्षक सेवाबाट पहिलो पटक सञ्चालन हुने परीक्षामा भाग लिन उमेरको हद लाग्ने छैन।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४५ को उपदफा (४) बमोजिम कायम भएको दरबन्दी र कक्षा एघार र बाह्रको स्वीकृत दरबन्दी सहित कुल दरबन्दीको साठी प्रतिशत सिटमा यो ऐन प्रारम्भ हुँदाका बखत राहत शिक्षक, अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षक र कक्षा एघार र कक्षा बाह्रको स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी शिक्षकहरु मध्येबाट सीमित प्रतिस्पर्धाको आधारमा र बाँकी चालिस प्रतिशत सिटमा खुला प्रतियोगिताको आधारमा परीक्षा लिई आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ ।

(५) उपदफा (४) बमोजिम राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटाका लागि छुट्याइएको साठी प्रतिशत सिटमा सो वर्षको विज्ञापनमा सीमित प्रतिस्पर्धाको आधारमा पदपूर्ति हुन नसकेमा सोही वर्षको खुलातर्फको विज्ञापनबाट पूर्ति गरिनेछ ।

(६) उपदफा (४) बमोजिमको सीमित प्रतिस्पर्धामा अनुत्तीर्ण हुने राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकले निजले गरेको सेवा अवधिको आधारमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आर्थिक सुविधा प्राप्त गर्न सक्नेछ ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कक्षा एघार र बाह्रमा अध्यापन गरिरहेका स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटाका शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि आयोगबाट पहिलो पटक लिइने माध्यमिक तहको तृतीय श्रेणीको खुला तर्फको विज्ञापनमा भाग लिन उमेर हद लाग्ने छैन ।

(८) उपदफा (७) बमोजिमका शिक्षकले उपदफा (४) बमोजिमको प्रतिस्पर्धामा भाग लिई उतीर्ण भएमा निजको तलबमान कायम गर्दा निजले खाईपाई आएको भन्दा कम नहुनेगरी गर्नु पर्नेछ ।

(९) यो ऐन प्रारम्भ हुँदाका बखत यस ऐनमा तोकिए बमोजिमको पदका लागि तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता भएको र कम्तीमा तीन शैक्षिक सत्र अविच्छिन्न रूपमा सेवा गरेका बाल सहजकर्तालाई उपदफा (४) बमोजिमको खुला प्रतियोगिताबाट पूर्ति हुने पदको विज्ञापनमा एक पटकको लागि उम्मेदवार हुन उमेरको हद लाग्ने छैन।

(१०) उपदफा (१) को खण्ड (क) बमोजिम आन्तरिक प्रतियोगिताबाट पूर्ति हुने पदमा सो पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भएको र कम्तिमा एक श्रेणी मुनिको पदमा पाँच बर्ष अध्यापन गरेको स्थायी शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(११) उपदफा (१) को खण्ड (ख) बमोजिम माध्यमिक तहको तृतीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने पदमा सो पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भएको र पाँच बर्ष स्थायी सेवा अवधि पुगेको आधारभूत तहमा कार्यरत शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछ।

(१२) उपदफा (१) को खण्ड (ख) बमोजिम माध्यमिक तहको द्वितीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र आधारभूत तहको प्रथम श्रेणी वा पाँच बर्ष सेवा अवधि पूरा गरेको आधारभूत तहको द्वितीय श्रेणीको स्थायी शिक्षक र माध्यमिक तह तृतीय श्रेणीको पदमा कम्तीमा पाँच वर्ष स्थायी सेवा अवधधि पूरा गरेको शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछ ।

(१३) उपदफा (१) को खण्ड (ख) को माध्यमिक तहको प्रथम श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र पाँच वर्ष सेवा अवधि पूरा गरेका एक श्रेणी मुनिका विषयगत स्थायी शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन्।

(१४) विद्यालय शिक्षक सेवाको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. विधेयकको दफा ४५ दफाक्रम मिलाउँदा कायम हुने दफा ४७ को,-

(१) उपदफा (२) को खण्ड (च), (छ) र (ज) को सट्टा देहायको खण्ड (च), (छ) र (ज) राख्नेः-

"(च) मुस्लिम - चार प्रतिशत

(छ) पिछडिएको क्षेत्र - चार प्रतिशत

(ज) अपाङ्गता भएका व्यक्ति - चार प्रतशित"

(२) उपदफा (३) को खण्ड (च) र (छ) को सट्टा देहायको खण्ड (च) र (छ) राख्नेः-

"(च) मुस्लिम - पाँच प्रतिशत

(छ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत"

(३) उपदफा (४) र (५) सट्टा देहायको उपदफा (४) र (५) राख्नेः-

"(४) उपदफा (२) वा (३) बमोजिमको प्रतिस्पर्धामा कुनै समावेशी समूहको उम्मेदवार सिफारिस हुन नसकी पदपूर्ति हुन नसकेमा त्यसपछि लगत्तै अर्को पटक हुने विज्ञापनमा प्रतिशत निर्धारण गरी विज्ञापन गर्दा त्यस्तो रिक्त दरबन्दी समेत जोडी सोही समूहको विज्ञापनमा समावेश गरिनेछ ।

(५) उपदफा (४) बमोजिम गरिएको विज्ञापनमा समेत पदपूर्ति हुन नसकेमा त्यसपछिको पुनः अर्को एक पटकको विज्ञापनमा उक्त रिक्त दरवन्दी समेत समावेश गरी सोही समूहको लागि विज्ञापन गरिनेछ र त्यसरी गरिएको विज्ञापनमा समेत पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।"

(४) उपदफा (७) रहेका "एक पटक मात्र" भन्ने शब्दहरुको सट्टा "आधारभूत तह र माध्यामिक तहमा एक एक पटक मात्र" भन्ने शब्दहरु राख्ने ।

३८. विधेयकको दफा ४६ दफाक्रम मिलाउँदा कायम हुने दफा ४८ को उपदफा (१) मा रहेको "सिफारिसमा" भन्ने शब्द पछि "स्थायी" भन्ने शब्द थप्ने ।

३९. विधेयकको दफा ४७ दफाक्रम मिलाउँदा कायम हुने दफा ४९ को उपदफा (२) को अन्त्यमा "र सोको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्रदेश सरकारको शिक्षा हेर्ने निकायलाई समेत दिनु पर्नेछ।"

४०. विधेयकको दफा ४८ दफाक्रम मिलाउँदा कायम हुने दफा ५० को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने:-

"(२) उपदफा (१) बमोजिम नियुक्ति भएको शिक्षकलाई सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले पदस्थापना गर्दा आयोगले सिफारिस गरेको योग्यताक्रमको आधारमा रिक्त दरबन्दीमा रोज्न लगाई प्राथमिकताका आधारमा पदस्थापना गर्नु पर्नेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप्ने:-

"(४) आयोगबाट सिफारिस भई आएको व्यक्तिलाई नियुक्ति गर्नु सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुनेछ।"

४१. विधेयकको दफा ४९ दफाक्रम मिलाउँदा कायम हुने दफा ५१ को,-

(१) उपदफा (२) मा रहेका "राष्ट्रिय किताबखाना (शिक्षक)" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय किताबखाना र प्रदेश सरकारको शिक्षा हेर्ने निकाय" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (३) मा रहेको "(शिक्षक)" भन्ने शब्द झिक्ने।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्ने:-

"(६) यस दफा बमोजिमको वैयक्तिक विवरणको अभिलेख विद्युतीय प्रणालीमा समेत राख्न सकिनेछ।"

४२. विधेयकको दफा ५० दफाक्रम मिलाउँदा कायम हुने दफा ५२ को उपदफा (१) को,-

(१) खण्ड (ख) मा रहेको "साधारण" भन्ने शब्दको सट्टा "कक्षागत" भन्ने शब्द राख्ने ।

(२) खण्ड (ङ) मा रहेका "दफा ५१" भन्ने शब्दहरुको सट्टा "दफा ५३" भन्ने शब्दहरु राख्ने ।

४३. विधेयकको दफा ५१ दफाक्रम मिलाउँदा कायम हुने दफा ५३ को,-

(३) खण्ड (क) मा रहेका “दफा ५०” भन्ने शब्दहरुको सट्टा “दफा ५२” भन्ने शब्दहरु राख्ने ।

(४) खण्ड (ग) मा रहेका “, आगजनी” भन्ने शब्द पछि “जातीय भेदभाव तथा छुवाछुत” भन्ने शब्दहरु राख्ने।

(५) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपी खण्डक्रम मिलाउने:

“(घ) सार्वजनिक पदमा नियुक्तिको लागि प्रचलित कानून बमोजिम योग्य नरहेको,”

(६) खण्ड (घ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्ने:

“(ङ) स्थायी आवासीय अनुमति प्राप्त गरेको वा सोको लागि आवेदन गरेको ।“

४४. विधेयकको दफा ५२ दफाक्रम मिलाउँदा कायम हुने दफा ५४ को उपदफा (१) मा रहेको प्रतिवन्धात्मक वाक्यांश झिक्ने।

४५. विधेयकको दफा ५३ दफाक्रम मिलाउँदा कायम हुने दफा ५५ को,-

(१) उपदफा (१) मा रहेका “भत्ता” भन्ने शब्द पछि “मासिक रुपमा” भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको “नबढ्ने गरी” भन्ने शब्दहरुको सट्टा “नबढ्ने र उस्तै प्रकृतिका अन्य सरकारी सेवाको समान हुने गरी” भन्ने शब्दहरु राख्ने।

४६. विधेयकको दफा ५९ दफाक्रम मिलाउँदा कायम हुने दफा ६१ को उपदफा (१) को खण्ड (ङ) मा रहेको “किरिया” भन्ने शब्दको सट्टा “मृत्यु संस्कार” भन्ने शब्दहरु राख्ने ।

४७. विधेयकको दफा ६० दफाक्रम मिलाउँदा कायम हुने दफा ६२ को,-

(१) उपदफा (१) मा रहेका “शिक्षक सरुवा” भन्ने शब्दको सट्टा “दुई बर्ष सेवा गरेका शिक्षकलाई सरुवा” भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको “साधारण” भन्ने शब्दको सट्टा “कक्षागत” भन्ने शब्द राख्ने ।

(२) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउने:-

“(२) उपदफा (१) वमोजिम सरुवा गर्दा स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय कानूनमा व्यवस्था भए वमोजिम पारदर्शी र अनुमानयोग्य हुनेगरी सरुवा गर्नुपर्नेछ ।”

(३) उपदफा (२) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (३) मा रहेको “कार्यरत रहेको स्थानीय तहको सहमतिमा सरुवा भई आउने विद्यालय रहेको स्थानीय तहले” भन्ने शब्दहरुको सट्टा “सरुवा भई आउने र जाने दुवै स्थानीय तहको सहमतिमा प्रदेशभित्र सम्वन्धित प्रदेश सरकारको शिक्षा हेर्ने निकायले र अन्तर प्रदेश सरुवाको हकमा सरुवा भई आउने प्रदेश सरकारको शिक्षा हेर्ने निकायले” भन्ने शव्दहरु राखे।

(४) उपदफा (५) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखेः

“(६) यस दफा बमोजिम एउटै प्रदेशभित्रको एक स्थानीय तहको सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकलाई अर्को स्थानीय तहको सार्वजनिक विद्यालयमा सरुवा गर्दा नियुक्ति भएको मितिले कम्तीमा पाँच वर्ष र फरक फरक प्रदेशका सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकको हकमा नियुक्ति भएको मितिले कम्तीमा सात वर्ष पूरा नभएसम्म सरुवा गर्न पाइने छैन।

“तर कुनै शिक्षकलाई कडा रोग लागी निजको नियमित उपचार गर्नु पर्ने भनी स्थानीय तहको सिफारिस र जिल्ला वा प्रदेश अस्पतालको अनुमतिप्राप्त चिकित्सकले प्रमाणित गरी सिफारिस गरेमा त्यस्तो शिक्षकलाई नेपाल सरकार वा प्रदेश सरकारले सो अवधि पूरा नभए तापनि रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ।”

(५) उपदफा (५) पछि देहायको उपदफा (६) राखी उपदफाक्रम मिलाउनेः-

“(६) यस दफा बमोजिम शिक्षकको सरुवा दरवन्दी नभएको विद्यालयमा र शैक्षिक शत्रको बीचमा गर्न पाइने छैन।”

(६) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (९) मा रहेको “(शिक्षक)” भन्ने शव्द झिकी सोही उपदफामा रहेको “पर्नेछ” भन्ने शव्दपछि “र सोको जानकारी प्रदेश सरकारको शिक्षा हेर्ने निकायलाई समेत दिनुपर्नेछ।”

४८. दफा ६१ दफाक्रम मिलाउँदा कायम हुने दफा ६३ को सट्टा देहायको दफा ६३ राखेः

६३. **<u>शिक्षकको बढुवा</u>** : (१) शिक्षकको बढुवा देहायको आधारमा गरिनेछः-

(क) आन्तरिक प्रतियोगिता

(ख) आवधिक बढुवा

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम पदपूर्ति गर्दा तृतीय श्रेणीको पदमा बाह्र बर्ष र द्वितीय श्रेणीको पदमा पन्ध्र बर्ष सेवा अवधि पूरा गरेको शिक्षकलाई बढुवा गरिनेछ ।

(३) उपदफा (१) बमोजिम बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने श्रेणी तथा तहको लागि तोकिए बमोजिमको विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत स्थायी शिक्षकको हकमा निज सेवा प्रवेश गर्दाको शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

(५) उपदफा (१) बमोजिम बढुवा गर्दा आधारभूत तहको कक्षागत तर्फको जिल्लागत आधारमा र आधारभूत तहको विषयगत तथा माध्यमिक तहतर्फ प्रदेशगत आधारमा बढुवा गरिनेछ ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर शिक्षकलाई आवधिक बढुवा गरिने छैनः-

(क) पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा,

(ख) सम्बन्धित श्रेणीमा एक महिनाको सेवाकालिन तालिम प्राप्त गरेको नभएमा,

(ग) निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

(घ) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(ङ) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(च) नसिहत पाएकोमा नसिहत पाएको बर्ष ।

(७) बढुवा समितिले उपदफा (१) को खण्ड (ख) बमोजिम हुने आवधिक बढुवाको लागि सिफारिस गर्दा देहायको आधारमा योग्यताक्रम कायम गरी सिफारिस गर्नुपर्नेछः-

(क) हाल बहाल रहेको तह वा श्रेणीको पदमा आयोगले सिफारिस गरेको मिति वा बढुवा समितिले सिफारिस गरेको मिति,

(ख) खण्ड (क) बमोजिम जेष्ठता नछुट्टिएमा हाल बहाल रहेको तह वा श्रेणीभन्दा तल्लो तह वा श्रेणीको पदमा आयोगले सिफारिस गरेको मिति वा बढुवा समितिले सिफारिस गरेको मिति,

(ग) खण्ड (ख) बमोजिम समेत जेष्ठता नछुट्टिएमा हाल बहाल रहेको तह वा श्रेणीको पदमा आयोग वा बढुवा समितिले गरेको सिफारिसको योग्यताक्रम,

(घ) खण्ड (ग) बमोजिम समेत जेष्ठता नछुट्टिएमा माथिल्लो शैक्षिक योग्यताको आधारमा, सोबाट पनि नछुट्टिएमा उक्त शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत,

(ङ) खण्ड (घ) बमोजिम जेष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधार,

(च) खण्ड (ङ) बमोजिम समेत जेष्ठता नछुट्टिएमा आयोगले निर्धारण गरेको आधार।"

४९. विधेयकको दफा ६२ दफाक्रम मिलाउँदा कायम हुने दफा ६४ को उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राख्नेः

(क) अध्यक्ष वा अध्यक्षले तोकेको आयोगको सदस्य - अध्यक्ष

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर गरेको र कम्तिमा माध्यमिक तहको प्रथम श्रेणीबाट अवकाशप्राप्त शिक्षक वा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको पदबाट अवकाशप्राप्त व्यक्ति मध्येबाट आयोगले तोकेको व्यक्ति - सदस्य

५०. विधेयकको दफा ६३ र ६४ दफाक्रम मिलाउँदा कायम हुने दफा ६५ र ६६ झिकी दफाक्रम मिलाउने ।

५१. विधेयकको दफा ६६ को सट्टा देहायको दफा ६६ राख्नेः-

"६६. **<u>कार्यसम्पादनको मूल्याङ्कन</u>**ः (१) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रुपमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्दा कूल एक सय पूर्णाङ्क कायम गरिनेछ र सो अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) शिक्षकले वार्षिक रुपमा गरेको कार्यको स्व-मूल्याङ्कन वापत पाउने अधिकतम अङ्क - साठी

(ख) सुपरीवेक्षकले दिन सक्ने अधिकतम अङ्क - पच्चीस

(ग) पुनरावलोकनकर्ताले दिनसक्ने अधिकतम अङ्क - दश

(घ) पुनरावलोकन समितिले दिनसक्ने अधिकतम अङ्क - पाँच

(३) उपदफा (२) को खण्ड (क) बमोजिम स्व-मूल्याङ्कनबाट पाउने अङ्कलाई देहायका आधारमा सम्बन्धित शिक्षकको रोहवरमा सुपरिवेक्षकबाट यकीन गराई सम्बन्धित स्थानीय तहको शिक्षा अधिकृतले प्रमाणित गरी विद्युतीय माध्यममा समेत राख्न लगाउनेछः-

(क) आफूले अध्यापन गराउने पाठ्यक्रममा आधारित भएर तयार गरेको वार्षिक शैक्षिक योजना,

(ख) दैनिक पाठयोजना र त्यसको कार्यान्वयन,

(ग) शिक्षण सिकाइमा शैक्षिक सामग्रीको निर्माण र सूचना प्रविधिको प्रयोग,

(घ) विद्यार्थीको निरन्तर तथा सुधारात्मक मूल्याङ्कन तथा सोको विवरण,

(ङ) विद्यालयमा लिएको विशेष जिम्मेवारी,

(च) वार्षिक रूपमा गरेको नवप्रवर्तनात्मक कार्य,

(छ) शिक्षण सिकाइ सुधारको लागि गरेको कार्यमूलक अनुसन्धान,

(ज) निजले अध्यापन गरेको विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि र

(झ) तोकिए बमोजिमको अन्य आधार ।

(४) उपदफा (२) को खण्ड (ख) (ग) र (घ) बमोजिम गरिने मूल्याङ्कन देहायका आधारमा गरिनेछः-

(क) शिक्षकमा भएको विषयवस्तुको ज्ञान,

(ख) बालमनोविज्ञानको ज्ञान तथा बालमैत्री व्यवहार गर्ने सीप,

(ग) पेशाप्रतिको निष्ठा, इमान्दारिता, लगनशीलता र आचार संहिताको पालना,

(घ) शैक्षिक गुणस्तर प्रतिको जिम्मेवारी र जवाफदेहिता,

(ङ) शिक्षण विधिको छनौट, शिक्षण सामग्रीको विकास र प्रयोग गर्ने क्षमता,

(च) विद्यार्थीको सुधारात्मक र निर्णयात्मक मूल्याङ्कन गर्ने क्षमता,

(छ) अभिभावकसँग सम्पर्क र अन्तर्क्रिया गरी पृष्ठपोषण लिने र गुनासो व्यवस्थापन गर्ने क्षमता ।

(५) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्दा उपदफा (३) र (४) बमोजिमका आधारको अङ्कभार र मूल्याङ्कन बापत अङ्क दिने आधार, कार्यसम्पादन मूल्याङ्कन फारामको ढाँचा, सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिमा रहने पदाधिकारी तथा कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

५२. विधेयकको दफा ६८ झिकी दफाक्रम मिलाउने।

५३. विधेयकको दफा ७० दफाक्रम मिलाउँदा कायम हुने दफा ६९ को,-

(१) उपदफा (२) मा रहेका "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) बमोजिम" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपी दफाक्रम मिलाउनेः

"(४) दफा ९६ बमोजिम उमेर हदका कारण पदबाट अवकाशप्राप्त गरेको अवस्थामा बाहेक विशिष्ट श्रेणीको शिक्षकको पदावधि पाँच वर्षको हुनेछ ।"

(३) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेको "पन्ध्र वर्ष" भन्ने शब्दहरुको सट्टा "सात वर्ष" भन्ने शब्दहरु राख्ने ।

५४. विधेयकको दफा ७१ दफाक्रम मिलाउँदा कायम हुने दफा ७० मा रहेको "पहिले" भन्ने शब्द झिक्ने।

५५. विधेयकको दफा ७२ दफाक्रम मिलाउँदा कायम हुने दफा ७१ को दफा शीर्षक र दफामा रहेको "र आदेश" भन्ने शब्दहरु झिक्ने।

५६. विधेयकको दफा ७४ दफाक्रम मिलाउँदा कायम हुने दफा ७३ मा रहेको "जनताको बीचको आपसी सम्वन्धमा" भन्ने शब्दहरुको सट्टा "जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने, विभिन्न जात, जाति, भाषा, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने र सामाजिक सद्भावमा" भन्ने शब्दहरु राख्ने।

५७. विधेयकको दफा ७५ दफाक्रम मिलाउँदा कायम हुने दफा ७४ को उपदफा (१) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप्नेः-

"तर शैक्षिक, सामाजिक वा सांस्कृतिक रुपमा मनाइने कुनै उत्सव वा पर्वमा परम्परागत रुपमा लिने दिने उपहारलाई यस दफाले रोक लगाएको मानिने छैन।"

५८. विधेयकको दफा ७६ दफाक्रम मिलाउँदा कायम हुने दफा ७५ मा रहेको "स्वीकृति विना" भन्ने शब्दहरु पछि "कुनै निजी विद्यालयमा निज वा निजको श्रीमान् वा श्रीमतीले लगानी गर्न," भन्ने शब्द राखी सोही उपदफा पछि देहायको प्रतिवन्धात्मक वाक्यांश राख्नेः-

"तर खुल्ला बजारबाट शेयर खरिद गर्न वा आधारभूत शेयरधनी नहुने गरी एक प्रतिशत भन्दा कम संस्थापक शेयर खरिद गर्न बाधा पर्नेछैन ।"

५९. विधेयकको दफा ८१ दफाक्रम मिलाउँदा कायम हुने दफा ८० को सट्टा देहायको दफा ८० राख्नेः-

"८०. <u>लैङ्गिक तथा जातीय भेदभाव गर्न तथा यातना दिन नहुनेः</u> (१) शिक्षकले लैङ्गिक तथा जातीय आधारमा भेदभाव गर्न वा छुवाछुतजन्य कार्य गर्न वा सोको लागि दुरुत्साहन गर्न हुँदैन ।

(२) शिक्षकले विद्यार्थीलाई कुटपिट गर्न, शारीरिक वा मानसिक यातना दिन हुँदैन ।"

६०. विधेयकको दफा ८२ दफाक्रम मिलाउँदा कायम हुने दफा ८१ मा रहेको "(शिक्षक)" भन्ने शब्द झिक्ने।

६१. दफा ८३ दफाक्रम मिलाउँदा कायम हुने दफा ८२ पछि देहायको दफा ८३ थप गरी दफाक्रम मिलाउनेः-

“८३. **<u>आचरण पालना गराउने:</u>** (१) विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकलाई र प्रधानाध्यापकले आफू मातहतका शिक्षकलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित आचरणको पालना गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गर्नुपर्ने शिक्षकले त्यस्तो आचरण उल्लङ्घन गरेमा विभागीय कारवाही गर्ने अधिकारप्राप्त अधिकारीले समयमै विभागीय कारबाही गर्नु पर्नेछ ।

६२. विधेयकको दफा ८४ मा रहेका “शिक्षकले देहायको कुनै काम गरेमा सुपरिवेक्षक वा सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित शिक्षकको व्यक्तिगत विवरण रहेका फाइलमा राख्नेछ” भन्ने वाक्यांशको सट्टा “शिक्षकले देहायको कुनै काम गरेमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिले वा विद्यालय व्यवस्थापन समिति गठन नभएको अवस्थामा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्वन्धित शिक्षकको व्यक्तिगत विवरण फाइलमा राखिनेछ ।” भन्ने बाक्यांश राखी सोही दफाको खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउने:-

“(च) सम्बन्धित शिक्षकले अध्यापन गर्ने विषयको परीक्षाको नतिजा राष्ट्रिय औसतभन्दा कम भएमा,”

६३. विधेयकको दफा ८६ को खण्ड (ङ) मा रहेको “शिक्षकले” भन्ने शब्दपछि “सोही शैक्षिक सत्रमा” भन्ने शब्दहरु थप्ने ।

६४. विधेयकको दफा ८७ को उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज), (झ) र (ञ) थपी खण्डक्रम मिलाउने:-

“(ज) यौनजन्य दुर्व्यवहार गरेमा,

(झ) लैङ्गिक वा जातीय भेदभाव वा छुवाछुत गरेमा,

(ञ) दफा १५६ बमोजिमको गुनासो सुनुवाई गर्ने जिम्मेवारी पाएको शिक्षकले गुनासो सुनुवाई नगरेमा,”

६५. विधेयकको दफा ८८ को,-

(१) उपदफा (१) को खण्ड (ङ) मा रहेको "नब्बे" भन्ने शब्दको सट्टा "तीस" भन्ने शब्द राख्ने।

६६. विधेयकको दफा ८९ को उपदफा (७) मा रहेका "शिक्षा विभाग" भन्ने शब्दहरुको सट्टा "शिक्षा तथा मानवस्रोत विकास केन्द्र" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको "(शिक्षक)" भन्ने शब्द झिक्ने ।

६७. विधेयकको दफा ९० को उपदफा (२) मा रहेका "शिक्षा विभाग" भन्ने शब्दहरुको सट्टा "शिक्षा तथा मानवस्रोत विकास केन्द्र" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको "(शिक्षक)" भन्ने शब्द झिक्ने।

६८. विधेयकको दफा ९४ पछि देहायको दफा ९५ थप गरी दफाक्रम मिलाउने,-

"**९५. <u>पुनरावेदनः</u>** यस ऐन बमोजिम विभागीय कारवाहीको सजाय पाएको शिक्षकले त्यस्तो सजायमा चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतिस दिनभित्र प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"

६९. विधेयकको दफा ९९ दफाक्रम मिलाउँदा कायम हुने दफा १०० को उपदफा (४) मा रहेको "२०७५ साल चैत्र ४" भन्ने शब्दहरुको सट्टा "२०८२ साल वैशाख १" भन्ने शब्दहरु राख्ने ।

७०. विधेयकको दफा १०१ दफाक्रम मिलाउदा कायम हुने दफा १०२ को ठाउँ ठाउँमा रहेका "दफा ९९" भन्ने शब्दहरुको सट्टा "दफा १००" भन्ने शब्दहरु र "दफा ९८" भन्ने शब्दहरुको सट्टा "दफा ९९" भन्ने शब्दहरु राख्ने ।

७१. विधेयकको दफा १०२ दफाक्रम मिलाउदा कायम हुने दफा १०३ को उपदफा (२) मा रहेका "दफा १०१" भन्ने शब्दहरुको सट्टा "दफा १०२" भन्ने शब्दहरु राख्ने ।

७२. विधेयकको दफा १०३ दफाक्रम मिलाउदा कायम हुने दफा १०४ को ठाउँ ठाउँमा रहेका "दफा ९८" भन्ने शब्दहरुको सट्टा "दफा ९९" भन्ने शब्दहरु र सोही दफाको ठाउँ ठाउँमा रहेका "दफा ९९" भन्ने शब्दहरुको सट्टा "दफा १००" भन्ने शब्दहरु राखी सोही दफाको उपदफा (१) मा रहेका "दफा १०१" भन्ने शब्दहरुको सट्टा "दफा १०२" भन्ने शब्दहरु राख्ने ।

७३. विधेयकको दफा १०४ दफाक्रम मिलाउँदा कायम हुने दफा १०५ को,-

(१) उपदफा (१) मा रहेका "दफा ५६" भन्ने शब्दहरुको सट्टा "दफा ५८", "दफा ५७" भन्ने शब्दहरुको सट्टा "दफा ५९", "दफा १०७" भन्ने शब्दहरुको सट्टा "दफा १०८", भन्ने शब्दहरु राखी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "घर विदा र" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (२) मा रहेका "दफा १०१" भन्ने शब्दहरुको सट्टा "दफा १०२" भन्ने शब्दहरु राख्ने ।

७४. विधेयकको दफा १०६ दफाक्रम मिलाउँदा कायम हुने दफा १०७ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउने:

"(३) नेपाल सरकार, मन्त्रिपरिषद्को सम्वत् २०७८ साल फागुन १६ गतेको निर्णय अनुसार पुनर्वहाली भएका शिक्षकको विस्थापित हुनु अघि काम गरेको अवधि र पुनर्वहाली भए पश्चात् उमेर हदका कारण अनिवार्य अवकाश हुने मितिसम्मको अवधि जोड्दा निवृत्तभरण पाउने अवस्था नभएमा अपुग हुने अवधि विस्थापित अवधिभन्दा ननाघ्ने गरी निवृत्तभरण प्रयोजनको लागि निजको सेवावधि थप गरिनेछ ।"

(२) उपदफा (३) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (४) को शुरुमा "सम्वत् २०५२ सम्वत् फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्मको" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "तीस दिनभित्र शिक्षा विभागमा" भन्ने शब्दहरुको सट्टा "तीन महिनाभित्र शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (४) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (५) पछि देहायको उपदफा (६) थप्ने:

"(६) उपदफा (५) बमोजिमको सिफारिस समितिले निवृत्त शिक्षक तथा कर्मचारीको सेवा अवधि द्वन्दको कारण टुटेको भन्ने प्रमाण सहित सिफारिस गरेमा नेपाल सरकारले यस ऐन बमोजिमको निवृत्तभरण वा उपदानको प्रयोजनको लागि त्यस्तो शिक्षक तथा कर्मचारीको सेवा अवधि जोड्ने गरी निर्णय गर्न सक्नेछ।"

७५. विधेयकको दफा १०७ दफाक्रम मिलाउँदा कायम हुने दफा १०८ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने:-

"(२) निवृत्तभरण कोष सम्बन्धी संघीय कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०८२ साल वैशाख १ गते अघि स्थायी नियुक्ति भएको शिक्षकले दफा १०० बमोजिम निवृत्तभरण पाउनेछ ।"

(२) उपदफा (३) झिकी उपदफाक्रम मिलाउने ।

(३) उपदफा (५) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (४) मा रहेका "दफा ९७, ९८, ९९, १००, १०१, १०२ र १०३" भन्ने शब्द र अंकहरुको सट्टा "दफा ९८, ९९, १००, १०१, १०२, १०३ र १०४" भन्ने शब्द र अंकहरु राख्ने।

७६. विधेयकको दफा १०८ दफाक्रम मिलाउँदा कायम हुने दफा १०९ को उपदफा (३) पछि देहायको उपदफा (४) थप्ने:

"(४) उपदफा (३) बमोजिम विद्यालय कर्मचारीको सेवा शर्त सम्बन्धी कानून बनाउँदा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक सुनिश्चित हुनेगरी बनाउनु पर्नेछ ।"

७७. विधेयकको दफा ११० दफाक्रम मिलाउदा कायम हुने दफा १११ को ठाउँ ठाउँमा रहेका "दफा १०९" भन्ने शब्दहरुको सट्टा "दफा ११०" भन्ने शब्दहरु राख्ने ।

७८. विधेयकको दफा १११ दफाक्रम मिलाउँदा कायम हुने दफा ११२ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने:

"(३) उपदफा (२) बमोजिम अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि उपयुक्त व्यक्ति सिफारिस गर्न नेपाल सरकारले लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा लोक सेवा आयोगले तोकेको एक जना सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ र सो समितिले फरक वर्ग वा समुदायको समेत प्रतिनिधित्व हुने गरी अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिका लागि उपयुक्त व्यक्ति सिफारिस गर्नेछ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपी उपदफाक्रम मिलाउने:

"(४) उपदफा (३) बमोजिम सिफारिस समितिले सिफारिस गरेका व्यक्तिलाई नेपाल सरकारले आयोगको अध्यक्ष र सदस्यमा नियुक्त गर्नेछ।"

(३) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने:

"तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधि समेतलाई जोडी गणना गरिनेछ ।"

(४) उपदफा (५) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (६) मा रहेका "उपदफा (३) भन्ने शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राख्ने ।

(५) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) पछि देहायको उपदफा (८) थपी उपदफाक्रम मिलाउने:

"(८) अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा पैंतालिस दिन अगावै उपदफा (३) बमोजिमको नियुक्ति प्रकृया प्रारम्भ गर्नुपर्नेछ ।

तर कुनै कारणले वहाल रहेको अध्यक्ष वा सदस्यको पद रित्त हुन गएमा रित्त भएको मितिले पैंतालिस दिनभित्र उपदफा (३) बमोजिमको नियुक्ति प्रकृया सम्पन्न गर्नुपर्नेछ ।"

(६) उपदफा (७) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (९) मा रहेका "उपदफा (६) भन्ने शब्दहरुको सट्टा "उपदफा (७)" भन्ने शब्दहरु राख्ने ।

(७) उपदफा (८), (९), (१०) र (११) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०), (११), (१२) र (१३) मा रहेका "उपदफा (७)" भन्ने शब्दहरुको सट्टा "उपदफा (९)" भन्ने शब्दहरु राख्ने ।

७९. विधेयकको दफा ११२ दफाक्रम मिलाउँदा कायम हुने दफा ११३ को,-

(१) खण्ड (ग) मा रहेको "चालिस" भन्ने शब्दको सट्टा "पैंतिस" भन्ने शब्द राख्ने ।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने:

"(घ) अध्यक्षको हकमा नेपाल सरकारको विशिष्ट श्रेणीबाट अवकाशप्राप्त वा उच्च शिक्षाको प्राध्यापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभवप्राप्त गरेको र सदस्यको हकमा कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको।"

(३) खण्ड (ङ) झिक्ने ।

८०. विधेयकको दफा ११३ दफाक्रम मिलाउँदा कायम हुने दफा ११४ को उपदफा (१) को,-

(१) खण्ड (क) मा रहेका “दफा ११२” भन्ने शब्दहरुको सट्टा “दफा ११३” भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (ख) मा रहेका “जबरजस्ती करणी” भन्ने शब्दहरुपछि "बहुविवाह, जातीय भेदभाव तथा छुवाछुत," भन्ने शब्दहरु थप्ने ।

८१. विधेयकको दफा ११४ दफाक्रम मिलाउँदा कायम हुने दफा ११५ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः-

“(क) दफा ११२ को उपदफा (६) बमोजिम पदावधि समाप्त भएमा वा उपदफा (१०) बमोजिम हटाइएमा,”

(२) खण्ड (ख) मा रहेका “दफा ११३” भन्ने शब्दहरुको सट्टा “दफा ११४” भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (ङ) मा रहेको “पैंसट्ठी” भन्ने शब्दको सट्टा “साठी” भन्ने शब्द राख्ने ।

८२. विधेयकको दफा ११८ दफाक्रम मिलाउँदा कायम हुने दफा ११९ को उपदफा (४) पछि देहायको उपदफा (५) थप्नेः

“(५) आयोगमा कार्यरत कर्मचारीलाई नेपाल सरकारले सरुवा गर्दा आयोगसँग परामर्श गर्नुपर्नेछ।”

८३. विधेयकको दफा १२४ दफाक्रम मिलाउदा कायम हुने दफा १२५ मा रहेको “साधारण तर्फ” भन्ने शब्दको सट्टा “कक्षागततर्फ” भन्ने शब्द राख्ने ।

८४. विधेयकको दफा १२५ दफाक्रम मिलाउदा कायम हुने दफा १२६ मा रहेका “दफा १२४” भन्ने शब्दहरुको सट्टा “दफा १२५” भन्ने शब्दहरु राख्ने ।

८५. विधेयकको दफा १२७ दफाक्रम मिलाउँदा कायम हुने दफा १२८ को,

(१) उपदफा (३) मा रहेको “कार्यमा” भन्ने शब्दको सट्टा “कार्यमा वा परीक्षार्थीको रुपमा” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) मा रहेको "निकायले" भन्ने शब्दपछि "तीन महिनाभित्र" भन्ने शब्दहरु थप्ने ।

८६. विधेयकको दफा १३१ दफाक्रम मिलाउँदा कायम हुने दफा १३२ को ठाउँ ठाउँमा रहेका "दफा १३०" भन्ने शब्दहरुको सट्टा "दफा १३१" भन्ने शब्दहरु राख्ने र सोही दफाको उपदफा (२) मा रहेका "दफा १३२" भन्ने शब्दहरुको सट्टा "दफा १३३" भन्ने शब्दहरु राख्ने ।

८७. विधेयकको दफा १३४ दफाक्रम मिलाउँदा कायम हुने दफा १३५ को अन्तमा रहेको "सक्नेछ।" भन्ने शब्दपछि "र त्यसरी विद्युतीय माध्यममा राखिएको विवरण सरोकारवालाको पहुँच पुग्नेगरी सुरक्षित रुपमा राख्नु पर्नेछ ।" भन्ने वाक्यांश थप्ने ।

८८. विधेयकको दफा १३६ दफाक्रम मिलाउँदा कायम हुने दफा १३५ को ठाउँ ठाउँमा रहेका "सचिव" भन्ने शब्दको सट्टा "प्रशासकीय प्रमुख" भन्ने शब्दहरु राख्ने ।

८९. विधेयकको दफा १३८ दफाक्रम मिलाउँदा कायम हुने दफा १३९ को उपदफा (२) मा रहेका "सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक गर्न वा अन्तिम नतिजा प्रकाशन भएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले माग गरेमा त्यस्तो विवरण दिन" भन्ने शब्दहरु राख्ने ।

९०. विधेयकको दफा १३९ दफाक्रम मिलाउँदा कायम हुने दफा १४० को,-

(१) उपदफा (२) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपी खण्डक्रम मिलाउने:

"(छ) यस ऐन बमोजिम विभागीय कारवाहीका सम्बन्धमा दिएको परामर्श,"

(२) उपदफा (३) मा रहेको "प्रतिवेदन" भन्ने शब्दहरु पछि "नेपाल सरकारले संघीय संसदको दुवै सदनको शिक्षा हेर्ने समितिमा पेश गरी" भन्ने शब्दहरु राख्ने।

९१. विधेयकको दफा १४० दफाक्रम मिलाउँदा कायम हुने दफा १४१ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड खण्ड (ङ) मा रहेको "स्वीकृति," भन्ने शब्द झिक्ने।

(ख) खण्ड (च) मा "अनौपचारिक शिक्षा" भन्ने शब्दहरु पछि "बहुभाषिक शिक्षा" भन्ने शब्दहरु थपी सोही खण्डमा रहेका ", मातृभाषामा शिक्षा र परामर्श सेवा" भन्ने शब्दहरुको सट्टा "र मातृभाषामा शिक्षा" भन्ने शब्दहरु राख्ने।

(ग) खण्ड (ञ) मा रहेका "शिक्षामा लगानी" भन्ने शब्दहरुको सट्टा "सङ्घ, प्रदेश र स्थानीय तहबाट विद्यालय शिक्षामा गरिने लगानी तथा लागत साझेदारीको अनुपात निर्धारण गर्ने" भन्ने शब्दहरु राख्ने ।

(घ) खण्ड (ट) पछि देहायको खण्ड (ठ) र (ड) थपी खण्डक्रम मिलाउने:

"(ठ) विद्यालय शिक्षाको गुणस्तरको निर्धारण तथा गुणस्तरमा आधारित प्रत्यायन प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्य,

(ड) एकीकृत शैक्षिक तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्य,"

(ङ) खण्ड (ड) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ण) मा रहेका "परामर्श सेवा" भन्ने शब्दहरुपछि "विदेशी शैक्षिक कार्यक्रम" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) को,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्ने:

"(ङ) शिक्षक तथा कर्मचारीको पेशागत दक्षताको लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रसँग समन्वय गरी पाठ्यक्रम विकास गर्ने तथा शिक्षक प्रशिक्षण प्रतिष्ठानमार्फत तालिम सञ्चालन गर्ने।"

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय अन्तर्गत रहेका शिक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने निकाय यो ऐन प्रारम्भ भएपछि प्रदेश सरकारले अर्को व्यवस्था नगरेसम्म शिक्षक प्रशिक्षण प्रतिष्ठानको रुपमा कायम हुनेछन्।"

(ख) खण्ड (च) पछि देहायको खण्ड (छ), (ज), (झ), (ञ) र (ट) थपी खण्डक्रम मिलाउने:-

"(छ) केन्द्रीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग तादात्म्य हुने गरी प्रदेश भित्रको शैक्षिक तथ्याङ्क व्यवस्थापन,

(ज) प्रदेश भित्रको विद्यालयको नक्साङ्कन,

(झ) राष्ट्रिय मापदण्डको अधीनमा रही प्रदेशभित्र बोलिने मातृभाषा शिक्षा तथा परम्परागत शिक्षा सम्बन्धी कानूनको तर्जुमा र नियमन,

(ञ) प्रदेश स्तरमा शिक्षाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र शिक्षक तथा कर्मचारीको कार्यसम्पादन परीक्षण,

(ट) प्रदेशले निर्धारण गरेको सरकारी कामकाजको भाषामा पठनपाठनका लागि आवश्यक समन्वय र सहजीकरण,"

(३) उपदफा (३) मा रहेको "शिक्षा" भन्ने शब्दको सट्टा "आधारभूत तथा माध्यामिक शिक्षा" भन्ने शब्दहरु राखी सोही उपदफाको,-

(क) खण्ड (क) मा रहेको "मापदण्डको" भन्ने शब्दको सट्टा "मापदण्ड र प्रदेश कानूनको" भन्ने शब्दहरु राखे।

(ख) खण्ड (घ) मा रहेको "वैकल्पिक शिक्षा" भन्ने शब्दपछि ", समावेशी शिक्षा, नैतिक शिक्षा," भन्ने शब्दहरु थप्ने।

(ग) खण्ड (ड) मा रहेको "सीप" भन्ने शब्द पछि "भाषा लिपी, परम्परागत पेशा व्यवसाय," भन्ने शब्दहरु थप्ने।

(घ) खण्ड (ध) मा रहेको "विकास, तालिम" भन्ने शब्दहरुको सट्टा "विकासको लागि छोटो अवधिको तालिम" भन्ने शब्दहरु थप्ने ।

(ङ) खण्ड (प) पछि देहायको (फ) र (ब) थपी खण्डक्रम मिलाउनेः-

"(फ) सम्बन्धित स्थानीय तहभित्रको शैक्षिक तथ्याङ्कको सङ्कलन,

(व) प्रचलित कानून बमोजिमका अन्य काम,"

९२. विधेयकको दफा १४२ दफाक्रम मिलाउँदा कायम हुने दफा १४३ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनेः

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विद्यार्थीले बोर्डबाट सञ्चालित परीक्षाको मर्यादा विपरित कुनै कार्य गरेमा त्यस्तो विद्यार्थीको उक्त दिनको वा सम्पूर्ण विषयको परीक्षा बोर्डले रद्द गर्न सक्नेछ।"

(२) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (६)" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "रकम फिर्ता गर्न सम्बन्धित विद्यालयलाई आदेश दिनेछ" भन्ने शब्दहरुको सट्टा "रकम फिर्ता गर्न लगाई सो रकम बराबरको जरिवाना हुनेगरी आदेश दिन सक्नेछ।" भन्ने शब्दहरु राखे ।

(३) उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) मा रहेको "पाँच" भन्ने शब्दको सट्टा "दश" भन्ने शब्द राखे ।

(४) उपदफा (९) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (१०) मा रहेका "उपदफा (३), (५), (७) र (८)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४), (६), (८) र (९)" भन्ने शब्दहरु राखे ।

९३. विधेयकको दफा १४३ दफाक्रम मिलाउँदा कायम हुने दफा १४४ मा रहेका "दफा १४२" भन्ने शब्दहरुको सट्टा "दफा १४३" भन्ने शब्दहरु राखे ।

९४. विधेयकको दफा १४४ दफाक्रम मिलाउँदा कायम हुने दफा १४५ मा रहेका "दफा १४२ को उपदफा (६)" भन्ने शब्दहरुको सट्टा "दफा १४३ को उपदफा (७)" भन्ने शब्दहरु राखे र सोही दफामा रहेको "उपदफा (७)" भन्ने शब्दहरुको सट्टा "उपदफा (८)" भन्ने शब्दहरु राखी सोही दफामा रहेका "उपदफा (९)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१०)" भन्ने शब्दहरु राखे ।

९५. विधेयकको दफा १४६ दफाक्रम मिलाउँदा कायम हुने दफा १४७ को उपदफा (१) पछि देहायका उपदफा (२), (३) र (४) थपी उपदफाक्रम मिलाउने:-

"(२) उपदफा (१) को प्रयोजनको लागि आयोगले सञ्चालन गर्ने परीक्षामा दफा ५२ को उपदफा (१) को खण्ड (ख) बमोजिम योग्यता पुगेका व्यक्ति उम्मेदवार हुन योग्य हुनेछन् ।

(३) यस दफा बमोजिम अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारले उच्च शिक्षामा शिक्षाशास्त्र संकाय वाहेकका अन्य विषय लिई उत्तीर्ण गरेको भए त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिले अध्यापन प्रारम्भ गर्नुभन्दा अघि शिक्षण विधि सम्वन्धी कम्तीमा एक महिनाको

तालिम लिनुपर्नेछ । त्यस्तो तालिमको प्रबन्ध प्रदेश सरकारको शिक्षक प्रशिक्षण प्रतिष्ठानले मिलाउनेछ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ बमोजिमको परम्परागत धारमा अध्यापन हुने विद्यायलयमा अनिवार्य वाहेकका विषयमा अनुमतिपत्र नभएका शिक्षकलाई अध्यापन गर्न बाधा पर्नेछैन ।"

९६. विधेयकको दफा १४८ दफाक्रम मिलाउँदा कायम हुने दफा १४९ पछि देहायको दफा १५०, १५१, १५२, १५३, १५४, १५५ ,१५६ र १५७ थपी दफाक्रम मिलाउने:

"१५०. <u>पूर्ण छात्रवृत्ति सम्बन्धी व्यवस्थाः</u> (१) निजी लगानीमा सञ्चालित विद्यालयले शिक्षा सम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिम प्रदान गर्नुपर्ने छात्रवृत्ति पूर्ण छात्रवृत्तिका रूपमा उपलब्ध गराउनु पर्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "पूर्ण छात्रवृत्ति" भन्नाले शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शिक्षा सामग्री, पोशाक, यातायात, आवासीय सुविधा (विद्यालयमा उपलब्ध भएमा) लगायत विद्यालयले लिने शुल्क तथा उपलब्ध गराउने सुविधा सम्झनु पर्छ।

(२) विद्यालयले प्रत्येक शैक्षिक सत्रको प्रारम्भमा प्रचलित कानूनमा तोकिएको भन्दा कम नहुनेगरी छात्रवृत्तिको लागि विद्यार्थीको सिट संख्या निर्धारण गरी सोको सूचना विद्यालयको वेबसाइट, सूचना पाटी र अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ।

(३) छात्रवृत्तिको लागि आवेदन दिने विद्यार्थीमध्येबाट पारदर्शी, निष्पक्ष तथा समावेशी सिद्धान्तको आधारमा गरिब तथा जेहेन्दार विद्यार्थी छनोट गरी छात्रवृत्तिप्राप्त गर्ने विद्यार्थीको नामावली सार्वजनिक गर्नुपर्नेछ।

(४) छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

१५१. <u>तालिम सम्बन्धी व्यवस्थाः</u> (१) शिक्षकको शिक्षण सीप र क्षमता वृद्धि गर्न, शिक्षण पेसाप्रति नवीनतम् सोचको विकास गर्न र शिक्षण पेशामा

नवप्रवर्तनलाई आत्मसाथ गर्न सेवा प्रवेश तालिम अनिवार्य र सेवाकालीन तालिम आवश्यकतानुसार दिने व्यवस्था प्रदेश सरकारको शिक्षक प्रशिक्षण प्रतिष्ठानले मिलाउनेछ ।

(२) सेवा प्रवेश तालिम र सेवाकालीन तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५२. **सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने:** यस ऐन बमोजिम नियुक्ति हुने अस्थायी शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सक्नेछ ।

१५३. **विद्यालय खुला रहने:** अध्यापन सम्बन्धी काम गर्न एक शैक्षिक सत्रमा कम्तीमा दुई सय बीस दिन विद्यालय खुला रहनेछ ।

१५४. **विद्यार्थीको व्यक्तिगत अभिलेख:** (१) प्रत्येक विद्यालयले अध्ययनरत विद्यार्थीको व्यक्तिगत अभिलेख तयार गर्नुपर्नेछ। सो अभिलेखमा विद्यार्थीको शैक्षिक प्रगति, निजले गर्ने अन्य विद्यार्थी प्रतिको व्यवहार, शैक्षिक तथा अन्य क्रियाकलापमा सहभागिता र आवश्यक देखिएका अन्य विवरण समावेश गरिनेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत अभिलेख अद्यावधिक गरी प्रत्येक चार महिनामा र शैक्षिक सत्रको अन्त्यमा अभिभावक समक्ष पेश गरी पृष्ठपोषण भए सो समेत समावेश गरी राख्नुपर्नेछ।

१५५. **विद्यालय व्यवस्थापन संघः** (१) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा विद्यार्थीको हक हितको लागि कार्य गर्न गैरराजनीतिक तथा गैरनाफामूलक प्रकृतिको विद्यालय व्यवस्थापन समितिका सदस्यहरुबाट प्रतिनिधित्व हुनेगरी एक विद्यालय व्यवस्थापन संघ रहनेछ।

(३) उपदफा (१) बमोजिमको विद्यालय व्यवस्थापन संघले नेपाल सरकार वा अन्य कुनै पनि सरकारी निकाय वा विद्यालयलाई आर्थिक दायित्व पर्नेगरी कुनै कार्य गर्न पाउनेछैन।

(४) विद्यालय व्यवस्थापन संघ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

"१५६. **गुनासो सुनुवाई:** (१) प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी गुनासो सुनुवाई सम्बन्धी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको गुनासो सुनुवाई सम्बन्धी अन्य व्यवस्था स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१५७. **स्वयंसेवक शिक्षक:** (१) प्रधानाध्यापकले विद्यालयको आवश्यकता र औचित्यताको आधारमा विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी स्वयंसेवक शिक्षकको सेवा लिन सम्बन्धित स्थानीय तहसँग अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वयंसेवक शिक्षक परिचालनको लागि अनुरोध भई आएमा सम्बन्धित स्थानीय तहले स्थानीय कानून बमोजिम आवश्यक प्रवन्ध गर्न सक्नेछ ।"

९७. विधेयकको दफा १४९ दफाक्रम मिलाउँदा कायम हुने दफा १५८ को उपदफा (५) पछि देहायको उपदफा (६) थपी उपदफाक्रम मिलाउने:

"(६) दफा २७ बमोजिम शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले गुणस्तर परीक्षण गर्दा उत्कृष्ट देखिएका विद्यालयलाई प्रोत्साहित गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले थप अनुदान दिन सक्नेछन् ।"

९८. विधेयकको दफा १५० दफाक्रम मिलाउँदा कायम हुने दफा १५९ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्याशंमा रहेको "दैवी प्रकोपको उद्दार" भन्ने शब्दहरुको सट्टा "विपद् व्यवस्थापन" भन्ने शब्दहरु राख्ने।

९९. विधेयकको दफा १५२ दफाक्रम मिलाउँदा कायम हुने दफा १६१ को,-

(१) उपदफा (१) मा रहेको "कर्मचारीको" भन्ने शब्दपछि "एकीकृत" भन्ने शब्द थप्ने

(२) उपदफा (२) मा "र शिक्षा विभागलाई" भन्ने शब्दहरुको सट्टा ",शिक्षा तथा मानवस्रोत विकास केन्द्र र प्रदेश सरकारको शिक्षा हेर्ने निकायलाई" भन्ने शब्दहरु राखे।

(३) उपदफा (३) मा रहेका "दफा ४३" भन्ने शब्दहरुको सट्टा "दफा ४५" भन्ने शब्दहरु राखी सोही दफामा रहेका "राष्ट्रिय किताबखान (शिक्षक) मा" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय किताबखाना र प्रदेश सरकारको शिक्षा हेर्ने निकायमा" भन्ने शब्दहरु राखे।

(४) यस दफाको ठाउँ ठाउँमा रहको "(शिक्षक)" भन्ने शब्द झिक्ने ।

१००. विधेयकको दफा १५३ दफाक्रम मिलाउँदा कायम हुने दफा १६२ को,-

(१) उपदफा (१) को शुरुमा "सार्वजनिक" भन्ने शब्द राखी सोही उपदफाको "संस्थाको रुपमा" भन्ने शब्दहरु पछि "एक" भन्ने शब्द थप्ने ।

(२) उपदफा (२) को शुरुमा "सार्वजनिक" भन्ने शब्द थपी सोही उपदफामा रहेको "गुणस्तर" भन्ने शब्दको सट्टा "गुणस्तर, पहुँच तथा सिकाइ उपलब्धिको" भन्ने शब्दहरु राखे ।

(३) उपदफा (३) को शुरुमा "सार्वजनिक" भन्ने शब्द थप्ने ।

(४) उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थपी उपदफाक्रम मिलाउनेः

"(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकले सो पदमा कार्यरत रहँदासम्म यस दफा बमोजिमको नेपाल शिक्षक महासंघको सदस्यता लिन, कुनै पदमा रही काम गर्न र महासंघ तथा यस ऐन बमोजिम गठन हुने विद्यालय व्यवस्थापन संघको तर्फबाट प्रतिनिधित्व गर्न पाउनेछैन।

(५) नेपाल शिक्षक महासंघ र यस ऐन बमोजिमको विद्यालय व्यवस्थापन संघको सदस्य भएकै कारणले त्यस्तो सदस्यले काज वा थप सेवा सुविधा प्राप्त गर्न र आफ्नो जिम्मेवारीबाट कुनै किसिमको छुट पाउने छैन ।"

१०१. विधेयकको दफा १५४ दफाक्रम मिलाउँदा कायम हुने दफा १६३ को उपदफा (१) मा रहेको "अनुगमनको लागि" भन्ने शब्दहरुपछि "गुणस्तर मापन" भन्ने शब्द राख्ने ।

१०२. विधेयकको दफा १५५ दफाक्रम मिलाउँदा कायम हुने दफा १६४ को उपदफा (१) को,-

(१) खण्ड (ख) को शुरुमा "प्रारम्भिक बालविकास तथा शिक्षा र" भन्ने शब्दहरु राख्ने।

(२) खण्ड (घ) मा रहेको "विद्यार्थीको संख्या" भन्ने शब्दहरुको सट्टामा "विद्यार्थीको सख्या र जातीय तथा लैङ्गिक अवस्था खुल्ने खण्डीकृत विवरण" भन्ने शब्दहरु राख्ने।

(३) खण्ड (ङ) मा रहेका "शिक्षक तथा कर्मचारीको" भन्ने शब्दहरुको सट्टा "शिक्षक, कर्मचारी तथा अन्य जनशक्तिको" भन्ने शब्दहरु राख्ने ।

(४) खण्ड (च) पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउने:

"(च) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण,"

१०३. विधेयकको दफा १५६ दफाक्रम मिलाउँदा कायम हुने दफा १६५ को "गैरसरकारी संस्था" भन्ने शब्दहरुको सट्टा "संगठित संस्था" भन्ने शब्दहरु राख्ने ।

१०४. विधेयकको दफा १५९ दफाक्रम मिलाउँदा कायम हुने दफा १६८ को सट्टा देहायको दफा १६८ राख्ने:

"**१६८. <u>समावेशी सिद्धान्तको आधारमा नियुक्ति वा मनोनयन</u>**: यस ऐन बमोजिम नियुक्ति वा मनोनयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यबाट समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।"

१०५. दफा १६० दफाक्रम मिलाउँदा कायम हुने दफा १६९ को,-

(१) खण्ड (ख) झिक्ने ।

(२) खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउने:-

"(च) स्थानीय तहभित्र र अन्तर स्थानीय तह शिक्षक सरुवा,"

(३) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्ने:-

"(झ) विशेष वा विशिष्टिकृत विद्यालय तथा स्रोत कक्षा स्थापना र सञ्चालन,"

(४) खण्ड (ट) पछि देहायको खण्ड (ठ) र (ड) थपी खण्डक्रम मिलाउने:

"(ठ) परम्परागत धारका विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,"

(ड) निजी विद्यालयको स्थापना, सञ्चालन, शुल्क निर्धारण तथा सार्वजनिककरण, विद्यार्थी शिक्षक अनुपात,"

१०६. दफा १६१ दफाक्रम मिलाउँदा कायम हुने दफा १७० को उपदफा (२) को,-

(१) खण्ड (ख) मा रहेको "विधान" भन्ने शब्दको सट्टा "संस्थापनापत्र" भन्ने शब्द राख्ने ।

(२) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपी खण्डक्रम मिलाउने:-

"(ङ) विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, तह वा कक्षा घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने,"

(३) खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) मा रहेको "केन्द्र" भन्ने शब्दको सट्टा "प्राधिकरण" भन्ने शब्द राख्ने ।

(४) खण्ड (प) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (फ) पछि देहायको खण्ड (ब) राखी खण्डक्रम मिलाउने:-

"(ब) अभिलेख व्यवस्थापन,"

(५) खण्ड (फ) मा रहेको "(शिक्षक)" भन्ने शब्द झिक्ने ।

१०७. दफा १६२ दफाक्रम मिलाउँदा कायम हुने दफा १७१ को,-

(१) खण्ड (ख) झिकी खण्डक्रम मिलाउने

(२) खण्ड (च) खण्डक्रम मिलाउँदा कामय हुने खण्ड (ङ) को अन्तमा रहेको पुर्णविराम “( । )” झिकी अल्पविराम “(,)” राखी सोही खण्डपछि देहायको खण्ड (च) राख्नेः-

“(च) यस ऐन बमोजिम बनाउनुपर्ने अन्य निर्देशिका ।“

१०८. दफा १६३ दफाक्रम मिलाउँदा कायम हुने दफा १७२ को,-

(१) उपदफा (२) मा रहेको “, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगमा” भन्ने शब्दहरुको सट्टा “र राष्ट्रिय परीक्षा बोर्डमा” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनेः-

“(३) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका शिक्षा विकास तथा समन्वय एकाइ तथा सोको चल अचल सम्पति, अभिलेख र दायित्व प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयमा हस्तान्तरण हुनेछ ।“

(२) उपदफा (३) वमोजिम हस्तान्तरण भई आएको शिक्षा विकास तथा समन्वय एकाइ तथा सोको चल अचल सम्पति, अभिलेख र दायित्वको प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयले आवश्यक व्यवस्थापन गरी अभिलेख सुरक्षित राख्ने र सेवाको प्रवन्ध मिलाउनेछ ।

(३) यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारबाट सम्पादन गर्नुपर्ने विद्यालय शिक्षा सम्वन्धी कार्य प्रदेशको शिक्षा हेर्ने निकायले मन्त्रालयसँग समन्वय गरी सम्पादन गर्ने प्रबन्ध मिलाउनु पर्नेछ।"